नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक २९ गते सोमवार // मृत भरम नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 15 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७९

## सिंचाइ नहर विनाश गरी सडक बनाउँदै

राधेश्याम पटेल, वीरगंज, २८ कात्तिक/

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंज, गण्डकको नहरको संरचना भत्काएर सघन शहरी भवन कार्यालय वीरगंजले पक्की सडक निर्माण गरिरहेको घटना सार्वजनिक भएको छ।

गण्डक नहरको ब्लक नं ७ को मेन सेकेन्डरी क्यानल (एमएससी)को संरचना भत्काएर १० मिटर चौडा नालासहितको कालोपत्रे सडक निर्माण कार्य हुन थालेको हो । वीरगंज महानगरको वडा नं १५ लक्ष्मनवादेखि नेशनल मेडिकल कलेजसम्मको करीब साढे चार किलोमिटर लम्बाइको नहरको पैनी भत्काएर ठेकेदारले काम शुरू गरेपछि नारायणी सिंचाइका अधिकारीहरू आज आइतवार साइटमा गएर अवलोकन गरेका छन् ।

स्रोतका अनुसार चार वर्ष पहिले ठेक्का लागेको सघन शहरी तथा मझौला आयोजना अन्तर्गत वीरगंज महानगरका ९ वटा वडाभित्र ५२ किलोमिटर नालासहितको सडक निर्माण कार्यको ठेक्का लागेको थियो । अहिले उक्त आयोजनाको काम अधिकांश वडामा सुस्त र अपूरो छ । लक्ष्मनवाको काम वीरगंजका ठेकेदार अनिल गुप्ता सञ्चालक रहेको महावीर कन्स्ट्रक्शनले ठेक्का लिएर गरिरहेको छ ।

दीपावली र छठको सार्वजनिक बिदाको अवसर पारी ठेकेदार पक्षले नहरको संरचना भत्काएको र नहरको डिलमा रहेको सिसौंका रूख पनि काटेकोले यो दुःखद कार्य भएको नारायणी सिंचाइ व्यवस्थापन कार्यालयका प्रमुख प्रशुन मिश्रले जानकारी गराए ।

उनका अनुसार नहरको संरचनाको लागि विसं २०३० सालमा सिंचाइ कार्यालयले साढे चार किलोमिटर लम्बाइ र १३ मिटर चौडाइ भएको जग्गाको मुआवजा दिएर अधिग्रहण गरी किसानको खेतमा सिंचाइ गर्दै आएको थियो। उक्त नहरबाट हजारौं बिघा खेत सिंचाइ हुँदै आएकोमा अहिले सडक निर्माण भएपछि सयौं किसान मारमा पर्ने देखिन्छ ।


सडक निर्माण कार्यको निरीक्षण गर्दै सिंचाइ कार्यालयको टोली । तस्वीरः फाइल

नारायणी सिंचाइका इन्जिनीयर सुबोध कुशवाहाले यसबारेमा स्थानीय प्रशासन, वीरगंज महानगर र अन्य सरोकारवाला निकायलाई पत्राचार गरी गैरकानूनी तरीकाले भइरहेको निर्माण कार्यमा रोक लगाउने र बाँकी कारबाहीको लागि माथिल्लो निकायलाई तस्बिरसहित सिफारिश गर्ने बताए ।

महानगरले जग्गा अधिग्रहण गरी सडक तथा भौतिक पूर्वाधार बनाउनुपर्नेमा सरकारी संरचना विनाश गरी सडक निर्माणको लागि शहरी भवनलाई काम गर्न लगाउनु दुःखद भएको नारायणी सिंचाइका अधिकारीहरूले बताए ।

यस विषयमा वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले वीरगंज महानगरका थुप्रै ठाउँमा नहर पुरेर सडक बनाइएको उदाहरण पेश गरे । उनले जुन ठाउँमा नहरको पानी नै आउँदैन, त्यस संरचनामा सडक निर्माण भयो भने स्थानीयलाई आवतजावत गर्न सहज हुने भनेर विकास योजना अघि बढाएको प्रतिक्रिया दिए ।

## मालपोत र भूमिसुधारका कर्मचारीले पर्वमा पनि तलब पाएनन्

प्रस, वीरगंज, २८ कात्तिक/

भूमिसुधार तथा मालपोत कार्यालय वीरगंजमा कार्यरत करार दरबन्दीका २१ जना कर्मचारीले चालू आवमा तलब पाएका छैनन् ।

चालू आव २०७८/७९ को साउनदेखि कात्तिकसम्मको तलब दशैं अगावै पाउनुपर्नेमा कात्तिक मसान्त आइसक्दा पनि नपाएको एकजना कर्मचारीले प्रतीकलाई बताए ।

सो कार्यालयका दरबन्दीभित्रका स्थायी कर्मचारीहरूले भने दशैं बिदाको एक दिनअघि मात्र तलब पाएका थिए । कार्यालय प्रमुख वासुदेव खतिवडाको दशैंअघि सरुवा भएको र उनले आर्थिक कारोबारको अधिकार नसुम्पेको अनि विभागले पनि सोको अख्तियारी निमित्त कार्यालय प्रमुख कमोद तिवारीलाई नदिएको कारण तलब वितरणमा समस्या भएको बताइन्छ ।

दशैंमा स्थायी दरबन्दीका कर्मचारीलाई तलब वितरण गरेका लेखापाल लक्ष्मण गौतम त्यसपछि बिरामी परेका थिए । अहिले निमित्त कार्यालय प्रमुख तिवारीले अख्तियारीको काम मात्र गर्दै आएको तर आर्थिक कारोबारको अख्तियारी नपाएकोले अन्य कर्मचारीले तलब खान सकेका छैनन् ।


मालपोत कार्यालय वीरगंज । तस्वीरः फाइल

भूमिसुधार तथा मालपोत कार्यालय वीरगंजमा लामो समयदेखि करार दरबन्दीमा २१ जना कर्मचारीले कार्य गर्दै आएका छन् ।

मालपोतमा १६ जना र भूमिसुधारमा पाँचजना करारका कर्मचारी कार्य गर्दै आएकामा पहिलोचोटि दशैं, दीपावली र छठमा तलब नपाएको प्रतिक्रिया दिए । उनीहरूले पोशाकभत्ताबापत वार्षिक रु ९ हजार ५ सय पाउँदै आएकामा पनि तीन वर्षदेखि सो भत्ता नपाएको गुनासो गरे ।

## रेडक्रसको विधान अधिवेशन स्थगित

प्रस, वीरगंज, २८ कात्तिक/

नेपाल रेडक्रस सोसाइटीको विधान संशोधन अधिवेशन अनिश्चितकालको लागि स्थगन भएको छ ।


अधिवेशन स्थगनबारे जानकारी गराउँदै । तस्वीरः प्रतीक

काठमाडौंमा कात्तिक २८ र २९ गते दुई दिन राखिएको विधान संशोधन अधिवेशन विवादका कारण अनिश्चितकालको लागि स्थगन भएको हो। गत साउन १२ गते केन्द्रीय कमिटीको म्याद समाप्त भएको थियो। रेडक्रसको विधान अनुसार केन्द्रीय कमिटीले एक वर्ष म्याद थप गर्न र सो अवधिमा पनि अधिवेशन हुन नसक्दा तीन महीना थप गर्न सक्ने प्रावधान छ ।

सोअनुरूप दुवै अवसर सकिएर अधिवेशन हुन नसकेपछि यही कात्तिक ३ गते केन्द्रीय कमिटीको म्याद समाप्त भएको थियो । केन्द्रीय कमिटी तदर्थ समितिमा परिणत भएको अवस्थामा अध्यक्ष डा नेत्रप्रसाद तिमल्सिनाले कात्तिक २५ गते देशभरका १६ वटा जिल्ला र दुईवटा प्रदेश भङ्ग गरी नयाँ तदर्थ समिति गठन गरेका थिए। सो कार्यविरुद्ध महामन्त्री पीताम्बर अर्यालले कात्तिक २५ गते अध्यक्षले गरेको निर्णय कार्यान्वयन नगराउन भनेर १६ वटा शाखा र दुईवटा प्रदेशमा पत्राचार गरेका थिए ।

आजको विधान अधिवेशन स्थगन हुनुअगावै बसेको केन्द्रीय कमिटीको बैठकले महामन्त्रीको निर्णय विषयमा कुनै उठान नगरेको हुँदा उनको पत्र आधिकारिक भएको एक पक्षले ठहर गरेको छ ।

**पर्सा जिल्लामा विवाद**

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखामा पनि विवाद देखिएको छ । वर्तमान अध्यक्ष वीरेन्द्रराज कँडेलको निर्वाचित कार्यसमिति भङ्ग गरी केन्द्रीय अध्यक्ष डा तिमल्सिनाले बृजकिशोर पटेलको अध्यक्षतामा १५ सदस्यीय तदर्थ समिति घोषणा गरेका थिए तर उनको सो घोषणाविरुद्ध महामन्त्रीको पत्रले रोक लगाएको छ ।

यसैगरी, उच्च अदालत वीरगंज इजलासमा पर्सा जिल्लाको निर्वाचित कमिटी भङ्ग नगर्न भनी कात्तिक २३ गते परेको रिटमा कात्तिक २६ गते निर्वाचित कमिटी भङ्ग नगर्न आदेश दिएको छ ।

## मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, वीरगंज, २८ कात्तिक/

बारामा तीनजना सवार मोटरसाइकल कोल्हवी नगरपालिकाको बटौलिया चोकमा दुर्घटनाग्रस्त हुँदा मोटरसाइकल चालकसहित दुईजनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन् ।

कोल्हवी नपा–१ बटौलिया चोकमा शनिवार गएराति ८:३० बजेतिर ना.४२प ८०२३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई स्वास्थ्य चौकी भवनमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मोटरसाइकल चालक कोल्हवी नपा–१ कै २० वर्षीय सागर चौधरी र मोटरसाइकलमा सवार त्यही टोलका १९ वर्षीय मदन चौधरीको मृत्यु भएको थियो ।

ठक्करपछि थप उपचारको लागि वीरगंजको नारायणी अस्पतालमा ल्याउँदा राति १०:३० बजे उनीहरूको मृत्यु भएको बारा प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

दुर्घटनामा परी मोटरसाइकलमा सवार कोल्हवी, श्रीपुरका २० वर्षीय अशोक चौधरी घाइते भएका छन्। उनको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागिता**
आगामी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरू आउँदै हुनुहुन्छ।
जनगणनाको पहिलो चरणको सूचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरूलाई आआफ्नो विवरण लेखाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## कार दुर्घटनामा चारजनाको मृत्यु

प्रस, रौतहट, २८ कात्तिक

कार दुर्घटनामा चारजनाको मृत्यु भएको छ । गौर–चन्द्रनिगाहपुर सडकखण्डस्थित झुनखुनवा गाउँनजीक शनिवार राति १० बजे भारतीय नम्बरको कार दुर्घटना हुँदा चारजनाको मृत्यु भएको हो ।

चन्द्रनिगाहपुरबाट गौर आउँदै गरेको युके १२ सी २९०० नम्बरको सुजुकी स्वीफ्ट कार सडकबाट करीब २० मिटर तल खाल्डोमा खस्दा चारजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक नारायण चिमोरियाले बताए ।

प्रहरी घटनास्थलमा पुग्दा चारैजनाको मृत्यु भइसकेको थियो। गाडीमा चारजना सवार रहेको र चारैजनाको मृत्यु भइसकेको प्रहरीले जनाएको छ। मृतकको हालसम्म पहिचान खुल्न नसकेको तर



दुर्घटनाग्रस्त कार । तस्वीरः प्रतीक

उनीहरूबाट फेला परेको कागजात अनुसार मृतक सबै भारतीय नागरिक देखिएको उनले बताए ।

दुर्घटनाग्रस्त कार राति नै प्रहरीले क्रेनको सहयोगले पानी भरिएको खाडलबाट निकालेको छ ।

मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल गौर ल्याइएको प्रहरीले जनाएको छ ।

मृतकको पहिचान खुलाउन भारतीय प्रहरीसँग समन्वय भइरहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक चिमोरियाले बताए ।

प्रारम्भिक अनुसन्धानबाट गाडीमा सवार सबैले अत्यधिक मदिरासेवन गरेको र चालकले पनि मदिरासेवन गरेको खुलेको छ । मदिराकै कारण सवारी दुर्घटना भएको हुन सक्ने प्रहरीको अनुमान छ ।


**राष्ट्रिय जनगणना**
**सत्यतथ्यको जगेर्ना**
**राष्ट्रिय जनगणना-२०७८ बारे बौद्ध धर्मावलम्बीहरूमा आह्वान**

अहिलेसम्मको राष्ट्रिय जनगणनाहरूमा बौद्धहरूको सही तथ्याङ्क आउन सकेन । त्यस कारण सही तथ्याङ्क कायम गर्न लगाउनु हाम्रो कर्तव्य हुन आएको छ। यसका लागि बौद्धहरूले राष्ट्रिय जनगणना–२०७८ को व्यक्तिगत विवरण घरदैलोमा भर्न आउँदा गणकले '**तपाईंले कुन धर्म मान्नुहुन्छ**' भनेर सोध्दा प्रत्येक बौद्ध धर्मावलम्बीले '**म बौद्ध धर्म मान्छु**' भनेर प्रस्ट भन्नुहोस् । गणकले बौद्धधर्ममा चिह्न लगाएको छ/छैन आफैंले हेर्नुहोस्। आफूलाई थाहा नभए आफूभन्दा जान्नेलाई हेर्न लगाएर बौद्ध धर्ममा चिह्न लगाएकोबारे निश्चित गर्नुहोस्।

बौद्धधर्मको सट्टा अन्य धर्ममा चिह्न लगाएको भए सच्याएर बौद्ध धर्ममा नै चिह्न लगाउनुहोस् ।

२०७८ सालको राष्ट्रिय जनगणनामा आफूले पनि बौद्ध धर्म लेखाउनुहोस् र अरू बौद्धहरूलाई पनि बौद्ध धर्म लेख्न लेखाउन लगाउनुहोस् ।

प्रचार गर्ने सङ्घसंस्थाहरू

| | | |
|---|---|---|
| नेवाः ल्यायम्ह खलः, लुभु | थिमि ग्वाहालि पुचः | धर्मोदय सभा काठमाडौं |
| बुंगः ल्यायम्ह पुचः | | |

## विचारसार र सूक्तिहरू

**मानिस आसले बाँधिएको घाइते चरो हो । ऊ घाइते पनि आसले हुन्छ र बाँच्छ पनि आसकै कारण ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बिगार्न समय लागेन

**पर्सा जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा हुन आठ वर्ष समय लाग्यो तर अहिले घोषणा भएको दुई वर्ष पनि बित्न नपाउँदै खुला दिसायुक्त क्षेत्र बनिसकेको छ। करोडौं रकमको लगानीमा आठ वर्ष लगाएर भएको प्रगति ध्वस्त हुन समय लागेन । भनिन्छ, बनाउन समय लाग्छ तर बिगार्न समय लाग्दैन । पर्सा जिल्लाको हकमा अहिले यही भएको छ। गैरसरकारी संस्थाहरूको आर्थिक सहयोग अनि सरकारको प्रयासमा देशभर खुला दिसामुक्त अभियान सञ्चालन गरिएको थियो । सम्भवतः हाम्रो जिल्ला देशमैं सबैभन्दा पछि खुला दिसामुक्त क्षेत्र घोषणा भएको थियो । पर्सा जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्दा अहिलेको सङ्घीय गणतान्त्रिक व्यवस्था थिएन । व्यवस्था परिवर्तनअघि शुरू भएको अभियान अर्को व्यवस्था आएपछि सार्थक साबित हुन सक्यो । एउटा लामो समय पार गरेर सार्थकता पाएको अभियानलाई जोगाउन नसक्नुमा हामी सबैको दोष समानरूपमा रहेको मान्नुपर्छ । सरसफाइ सबैको लागि आवश्यक छ । प्रदेश दुई सरकारले त मुख्यमन्त्री स्वच्छता अभियान नै चलाएको छ । यो अभियानको शुभारम्भ पनि वीरगंजबाट मुख्यमन्त्रीले नै गरेका थिए । तर अहिले स्वच्छता अभियान कुन रूपमा सञ्चालनमा छ, त्यसको अत्तोपत्तो छैन ।**

**पर्सा जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा पनि मुख्यमन्त्री लालबाबू राउत गद्दीले नै गरेका हुन् । खुला दिसामुक्त क्षेत्र घोषणापछि त्यसको नियमित अनुगमन गरिने, शौचालयबाहिर दिसापिसाब गर्नेलाई सजाय हुने जस्ता डरहरू देखाइएको थियो । तर ती सबै कुरा गफमा मात्रै सीमित भए। अभियान शुरू हुँदा प्रहरीसमेत यसमा सहभागी भएको थियो । एकाबिहानै बाहिर शौच गर्नेहरूलाई कारबाई गर्न प्रहरी परिचालित भएपछि अभियानले गति पाएको थियो । सबै कुरामा प्रहरीलाई सहभागी गराउनुहुँदैन । प्रहरीको आफ्नै जिम्मेवारी छ । खुला दिसामुक्त क्षेत्र अभियान पूरा भएसँगै यसको दायित्व स्थानीय पालिकाहरूले लिनुपर्ने हो । तर उनीहरूले यसको जिम्मेवारी वहन नगर्दाको परिणाम हो अहिलेको अवस्था । २४ प्रतिशत घरमा शौचालय भएको बेला जिल्लामा अभियान शुरू भएको थियो र अहिले ७६ प्रतिशत घरमा शौचालय बनिसकेको तथ्याङ्क छ । यो कम्ती ठूलो उपलब्धि होइन । तर यो उपलब्धिलाई जोगाउन भने हामी चुकेका छौं ।**

**शौचालय बनाइएको स्थानमा अहिले खसीबाख्रा राखेर शौचालयका लागि बिहान र बेलुकी उही पुरानै पारामा खेतबारी, खुला स्थान, खोलानालाको किनार अनि सडक किनारमा पुग्ने क्रम बढेको छ । यसको रोकथामका लागि स्थानीय पालिका, वडापालिकाहरू सक्रिय हुनुको विकल्प छैन। स्थानीय चुनाव नजीकिएको बेला यस्ता खाले विवादित कुरामा जनप्रतिनिधि भनाउँदाहरू जोखिम लिने पक्षमा छैनन्। भोट बिग्रिएला भन्ने कुराले उनीहरू अगाडि आउन सकेका छैनन् भने उनीहरूले आफूले गर्न नसकेको यो काम अरूमार्फत पनि गराउने साहस जुटाउन सकेका छैनन्। चुनावमा जित्नका लागि विकृतिहरूलाई प्रोत्साहन दिनु बुद्धिमानी होइन। यस्ता खाले विकृतिविरुद्ध लड्दा भोट घटन सक्छ भन्ने सोच राख्नेले यस्तो अभियानलाई सार्थकता प्रदान गर्दा भोट बढ्न सक्ने कुराको पनि हेक्का राख्न सक्नुपर्छ ।**

# आधुनिक शिक्षा प्रणाली

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**दुर्भाग्यको कुरो के हो भने प्रजातन्त्रको पुनर्स्थापनापछि उच्च शिक्षा र प्राविधिक शिक्षाको स्तरमा वृद्धि भएको छ तर प्राथमिक शिक्षाको आधार कमजोर हुँदै गएको छ। शिक्षाको लक्ष्य राष्ट्रियता, चरित्र निर्माण र मानव संसाधन विकासको ठाउँमा मेशीनीकरण हुन थालेको छ।**

कुनै पनि समाज वा राष्ट्रमा शिक्षा सामाजिक नियन्त्रण, व्यक्तित्व निर्माण र सामाजिक–आर्थिक प्रगतिको मापदण्ड हुन्छ, सँगसँगै हामी सबैलाई के थाहा छ भने शिक्षा हाम्रो जीवनको लागि अति आवश्यक छ। शिक्षा बेगर मानिस पशु सरह हुन्छ। शिक्षा कुनै पनि समाजको उन्नतिको आधारशिला हो । शिक्षाद्वारा नै योग्य र जागरुक नागरिकको निर्माण हुन्छ । यस्ता नागरिक जसले समाज र राष्ट्रको उत्थान र सुरक्षा गर्न सक्छ । शिक्षाबेगर व्यक्तित्व विकास हुँदैन र व्यक्तित्व विकासबेगर समग्र समाजको उत्थान सम्भव छैन । यस कारण कुनै पनि समाज वा राष्ट्रको चौतर्फी विकासका लागि शिक्षा आवश्यक छ र गुणस्तरीय शिक्षा त्यस बेला प्रदान गर्न सकिन्छ जब शिक्षा प्रणाली गुणस्तरीय हुन्छ ।

पहिले शिक्षा दिने काम गुरुकुलमा हुन्थ्यो, आजको आधुनिक युगमा शिक्षा विद्यालय र क्याम्पसमा शिक्षकहरूले दिन्छन् । पहिले र आजको शिक्षा प्रणालीमा कैयन अन्तर देर्ख्न र अनुभव गर्न सकिन्छ। आधुनिक शिक्षाको एउटा पक्ष हेर्दा यो हाम्रो लागि लाभदायक छ भने अर्को पक्ष नियाल्दा वास्तवमा आधुनिक शिक्षाको कारण नै समाज र राष्ट्रमा समस्या देखा पर्ने गरेको छ । तर विडम्बना के छ भने हाम्रो शिक्षा प्रणाली दूषित बन्दै गएको छ । यसले गर्दा नै देश विकासको हरेक पाइलामा बाधा उत्पन्न हुने गरेको छ । एउटा भारतीय कविले बडो राम्रो पङ्क्ति लेखेका छन्–"होता है निर्माण देश का पाकर उत्तम शिक्षा/करें देश के सफल नागरिक निज कर्तव्य समीक्षा/क्या विस्मय यदि घिरी हुई हैं घोर घटाएँ काली/जबकि देश में शिक्षा की दूषित हो गयी प्रणाली ।"

दुई साता अघि माथि उल्लिखित कुरालाई पुष्टि गर्दै 'प्रश्नको घेरामा सामुदायिक शिक्षा' शीर्षक अन्तर्गत कान्तिपुरको एउटा लेखमा के लेखिएको थियो भने "यस वर्षको चिकित्सा शिक्षाको प्रवेश परीक्षा र शिक्षक सेवा आयोगको दुई वर्ष पहिलेको अध्यापन अनुमतिपत्रको नतीजाले सामुदायिक मात्र हैन, देशको समग्र शिक्षा नै कमजोर भएको सङ्केत गरेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय प्रतिवेदन मार्फत समग्र विद्यालय शिक्षा धेरै कमजोर भएको तथ्य सार्वजनिक गरेको छ । प्रतिवेदन अनुसार विज्ञानमा ६३, अङ्ग्रेजीमा ५१, गणितमा ४६ र नेपालीमा ३७ प्रतिशत विद्यार्थीले कक्षा १० को अन्त्यसम्म सिक्नुपर्ने न्यूनतम विषयवस्तु सिक्न नसकेको उल्लेख छ।" यसैगरी प्याब्सन नगर समितिको निर्वाचन कार्यक्रममा नगर शिक्षा महाशाखाका प्रमुख अरविन्दलाल कर्णले भर्खरै सकिएको कक्षा ११ को छात्रवृत्ति परीक्षामा बहुसङ्ख्यक विद्यार्थीको प्राप्ताङ्कले महानगरको शिक्षा स्थिति दयनीय रहेको उल्लेख गरेका थिए ।

यहींनिर आधुनिक शिक्षा प्रणाली र गुरुकुल शिक्षा प्रणालीबीचको अन्तर बुझ्नु आवश्यक छ, किनभने यी दुवैबीच धेरै अन्तर छ । गुरुकुल शिक्षा प्रणालीमा शिक्षा हासिल गर्न विद्यार्थीहरू करीब २५ वर्षसम्म गुरुको सानिंध्यमा रहन्थे । गुरु नै उनीहरूका लागि सबैथोक थिए । उनीहरू आफ्नो जीविका चलाउनको लागि भिक्षा माग्थे जसबाट उनीहरूको पालन–पोषण हुन्थ्यो। ठूलो राजाका पुत्र भए पनि उनीहरूबीच कुनै भेदभाव हुन्थेन। सबैलाई धनुष–वाण चलाउनेदेखि महापुरुषहरूको ज्ञान, आफ्नो संस्कृतिको ज्ञानसहित अन्य धेरै प्रकारका ज्ञान दिइन्थ्यो जसबाट विद्यार्थीको भविष्य उज्ज्वल हुन्थ्यो र उनीहरू जीवनमा सुयोग्य नागरिक बन्थे। त्यहीं आधुनिक शिक्षामा गुरु–विद्यार्थीमा धेरै परिवर्तन भएको छ। आज आधुनिक शिक्षा प्रणाली विद्यालय र क्याम्पसमा दिइन्छ। विद्यार्थी ५/६ घण्टा त्यहाँ व्यतीत गरेर घर फर्कन्छन् । घरमा उनीहरू एउटा बेग्लै वातावरणमा बस्छन्। आमाबुवा आफ्नै काममा व्यस्त हुन्छन् र विद्यार्थी मोबाइल, टेलिभिजन वा खेलेर आफ्नो मनोरञ्जन गरिरहन्छन् ।

भन्न के खोजिएको हो भने विद्यार्थीहरू आफ्नो बहुमूल्य समय खेर फालिरहेका हुन्छन्। उनीहरूलाई सही दिशा दिने कोही हुँदैन । आधुनिक शिक्षा प्रणाली फरक प्रणाली हो जहाँ विद्यार्थीहरूलाई बढी मात्रामा मेशिनरी र वैज्ञानिक ज्ञान दिइन्छ, नैतिक ज्ञानमा खासै ध्यान दिइँदैन। वास्तवमा नैतिक शिक्षाले नै मानिसलाई सही अर्थमा मानिस बनाउने काम गर्छ । तर विडम्बना के छ भने आधुनिक शिक्षामा पैसा कसरी कमाउने तथ्यमा बढी ध्यान दिइन्छ, चरित्र निर्माणमा होइन। धेरैजसो शिक्षकहरूले पनि उनीहरूलाई आधुनिक शिक्षा नै प्रदान गर्छन्। आधुनिक शिक्षामा जबसम्म चरित्र निर्माणमा ध्यान दिइँदैन तबसम्म हाम्रो देश 'समृद्ध नेपाल, सुखी नेपाली' बन्न सक्दैन ।

आज नेपालको सामाजिक, राजनीतिक र आर्थिक परिदृश्यमा तीव्र गतिले परिवर्तन भइरहेको छ। त्यसलाई हेरेर देशको शिक्षा प्रणालीको पृष्ठभूमि, उद्देश्य, चुनौतीहरू र सङ्कटमाथि गहन अवलोकन गर्नु आवश्यक भइसकेको छ। आज आधुनिक शिक्षा भनेको अङ्ग्रेजी माध्यमले शिक्षा दिनु ठानिन्छ । यस कारण सरकारले पनि सामुदायिक विद्यालयमा अनिवार्य अङ्ग्रेजी शिक्षा लागू गरेको छ। यस शिक्षा प्रणालीले अङ्ग्रेजी पढ्ने वर्गलाई समाजबाट पृथक राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस प्रणालीले मानिसलाई जीवनमा आफ्नो कामको लागि अयोग्य बनाइरहेको छ। आधुनिक पूँजीवादी अर्थ व्यवस्थामा शिक्षालाई पनि 'उत्पाद'को दृष्टिले हेरिन थालेको छ जसलाई बाजारबाट खरीद गर्न र बेच्न सकिन्छ। यसबाहेक उदारीकरणको निहुँमा राज्य पनि आफ्नो दायित्वबाट विमुख भएको छ।


वास्तवमा आधुनिक शिक्षा प्रणालीले गर्दा कैयन समस्या हाम्रो सम्मुख उपस्थित भएको छ। आज शिक्षाको प्रमुख उद्देश्य पैसा कमाउनु भएको छ चाहे त्यो पैसा जसरी पनि आओस् । यसबाट न कुनै शिक्षकलाई मतलब छ, न आमाबुवालाई नै । आज हाम्रो देशमा, यसै कारण भ्रष्टाचारको विकराल समस्या उत्पन्न भएको छ । आधुनिक शिक्षा अन्तर्गत पर्यावरणलाई कसरी सुरक्षित गर्ने, कसरी पर्यावरणलाई प्रदूषित हुनबाट जोगाउने विषय त पढ्छौं तर विद्यार्थीहरूले त्यो घोकेर परीक्षा दिनु आफ्नो कर्तव्य ठान्छन्। न शिक्षक, न विद्यार्थी पर्यावरण जोगाउनेबारे चिन्तन वा प्रयास गर्छन् ।

आधुनिक शिक्षा प्रणालीमा गुरु र शिष्य दुवैमा कर्तव्य पालनको भावना छैन। दुवै आफ्नो अधिकारपछि लागेका छन् जसले गर्दा दुवैबीच कुनै प्रकारको सम्बन्ध छैन। न शिष्यलाई गुरुप्रति श्रद्धा र विश्वास छ, न गुरुलाई शिष्यप्रति स्नेह। गुरु मात्र धनार्जनको लागि शिक्षा दिन्छ भने शिष्य शिक्षालाई किन्न चाहन्छ । यस परिप्रेक्ष्यमा विद्याजस्तो पवित्र वस्तुको आदानप्रदान सम्भव छैन । यसैगरी आधुनिक शिक्षा प्रणाली दातृ निकायको निर्देशानुसार तयार गरिन्छ जसको लक्ष्य सभ्य र योग्य नागरिक निर्माण नभई कर्मचारी वा शासनतन्त्रको पुर्जा तयार गर्नु हो। त्यहीं आज धेरैजसो विद्यार्थीहरू जागीर पाउनको लागि पढिरहेका छन् । पढाइ सकेपछि डिग्रीको बन्डल लिएर जागीरको खोजीमा लाग्छन् । बिस्तारै उनीहरूको विलासिता र फैशनको आवश्यकता अनन्त हुँदै जान्छ तर उनीहरूसँग जागीर हुँदैन। यस प्रकारको उद्देश्यरहित शिक्षा अँध्यारोमा हाम्फाल्नु जस्तै हो ।

महात्मा गाँधीले भनेका छन्–"सही शिक्षाको अर्थ चरित्र निर्माण हो। यदि शिक्षक चरित्र निर्माणमा ध्यान दिंदैन भने त्यो शिक्षा मात्र पुस्तक ज्ञानसम्म सीमित रहन्छ ।" आधुनिक शिक्षामा नैतिक शिक्षाको ठाउँ नभएकोले चरित्र निर्माण हुँदैन । यसर्थ विद्यार्थीहरू चरित्रहीन हुने सम्भावना बढी हुन्छ । विद्यार्थीहरू दुर्व्यसनका शिकार हुने सम्भावना हुन्छ। मानवीय मूल्यमा ऱ्हास आउँछ। त्यहीं अर्कोतिर आधुनिक शिक्षा प्रणालीमा विद्यार्थीहरूको समयको दुरुपयोग हुन्छ। विद्यालय र क्याम्पसको पढाइपछि मोबाइलको काल्पनिक दुनियाँमा विचरण गर्नमा खर्च हुन्छ । शिक्षा प्रणालीको यसै दोषको कारण अनुशासनहीनताको समस्या उत्पन्न भइरहेको छ । भनिन्छ–'खाली दिमाग, शैतानको घर' हुन्छ । जब विद्यार्थीसँग कुनै काम हुँदैन तब उनीहरू अनुशासन विपरीत काम गर्न थाल्छन् ।

दुर्भाग्यको कुरो के हो भने प्रजातन्त्रको पुनर्स्थापनापछि उच्च शिक्षा र प्राविधिक शिक्षाको स्तरमा वृद्धि भएको छ तर प्राथमिक शिक्षाको आधार कमजोर हुँदै गएको छ । शिक्षाको लक्ष्य राष्ट्रियता, चरित्र निर्माण र मानव संसाधन विकासको ठाउँमा मेशीनीकरण हुन थालेको छ । परिणामस्वरूप 'ब्रेन ड्रेन' हुन थाल्यो। देशमा शिक्षा र साक्षरताको नाउँमा लूटखसोट शुरू भयो । यसरी सामाजिक संरचनाबाट वर्तमान शिक्षा प्रणालीको सम्बन्ध, पाठ्यक्रमको विश्लेषण र यसको मूलभूत कमजोरी विश्लेषण नगर्नाले नेपालको वर्तमान शिक्षा प्रणाली सङ्कटको चक्रव्यूहमा जेलिएको छ । हाम्रो वर्तमान शिक्षा प्रणालीले गैरप्राविधिक विद्यार्थीहरूको यस्तो सेना तयार गरिरहेको छ जो अन्ततः आफ्नै परिवार वा समाजमाथि बोझ बन्दै गइरहेको छ। यसर्थ शिक्षालाई राष्ट्र र चरित्र निर्माणसँग जोड्नु आवश्यक छ।

# किन बढिरहेको छैन बिजुलीको माग ?



काठमाडौं, २८ कात्तिक/रासस

पछिल्ला दिन देशभित्र बिजुलीको माग बढ्न नसकेको देखिएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार देशभित्र कुल बिजुलीको माग एक हजार ३२२ मेगावाट मात्र छ ।

साँझ गणना गरिने उच्च माग (पिक डिमान्ड) त्यति भए पनि दिउँसो र राति बिजुलीको माग उल्लेख्य बढ्न सकेको छैन । प्राधिकरणले एक हजार ८८९ मेगावाट घण्टा बराबर बिजुली भारत निर्यात गरिरहेको छ । अघिल्लो सातादेखि प्राधिकरणले कुल ३९ मेगावाट बिजुली भारत निर्यात गरिरहेको छ ।

प्राधिकरणले बिजुलीको खपत बढाउन उद्योगी–व्यवसायीलाई १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत बिजुली उपलब्ध गराउने घोषणा गरिसकेको छ। कुल २२० केभी क्षमताका प्रसारण लाइन धमाधम निर्माण भइरहेकोले १३२ केभी क्षमतासम्मका प्रसारण लाइनलाई वितरण लाइनमा परिवर्तन गर्न लागिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

प्राधिकरणको प्रणालीमा हाल निजी क्षेत्रका आयोजनाबाट उत्पादित बिजुलीको हिस्सा बढी छ। निजी क्षेत्रका कुल १०८ आयोजनाले बिजुली उपलब्ध गराउँदै आएका छन्। विवरण अनुसार प्रणालीमा प्राधिकरणका आयोजनाले पाँच हजार २३० मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ ।

सहायक कम्पनीका आयोजनाले चार हजार ३३६ मेगावाट घण्टा बिजुली उपलब्ध गराएको छ । निजी क्षेत्रका आयोजनाले प्रणालीमा कुल १२ हजार ९७५ मेगावाट घण्टा बराबरको बिजुली उपलब्ध गराएको छ ।

यस वर्षको तिहारको लक्ष्मीपूजाको दिन विद्युत्को उच्च माग (पिक डिमान्ड) एक हजार २७० मेगावाट मात्रै रहेको थियो । त्यस दिन पिक डिमान्ड एक हजार ५०० मेगावाटको हाराहारीमा पुग्ने प्रक्षेपण गरिए पनि माग भने औसतमा नै रहन पुग्यो ।

प्राधिकरणले लक्ष्मीपूजाको पिक समयमैं ४८ मेगावाट विद्युत् भारत निर्यात गरेको थियो । चालू आर्थिक वर्षको अहिलेसम्मको पिक डिमान्ड एक हजार ६१४.८ मेगावाट रेकर्ड गरिएको छ । यो विवरण गत असोज १० गतेको हो । सोही दिनको निर्यातसहित प्रणालीको अधिकतम विद्युत् माग एक हजार ७५८.८ मेगावाट थियो ।

सरकारले बिजुलीको खपत बढाउन विद्युतीय चुल्हो प्रयोग र विद्युतीय सवारी प्रवर्द्धनमा जोड दिएको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले 'विदेशी ग्याँस छाडौं, स्वदेशी बिजुली खपत गरौं' भन्ने अभियान नै शुरू गरेकी छन् ।

सोही योजना अनुसार प्राधिकरणले नै अनुदानमा विद्युतीय चुल्हो उपलब्ध गराउने विषयमा नीतिगत तहमा छलफल गरिरहेको छ । स्पष्ट नीति, योजना र कार्यक्रम बनाएर अनुदानमा इन्डक्शन चुल्हो उपलब्ध गराउने सरकारको योजना छ । यसबाट खाना पकाउने ग्याँसको आयात क्रमशः घट्ने र विद्युत् खपत बढ्ने सरकारको विश्वास छ । पछिल्लोपटक नेपाल आयल निगमले मूल्यवृद्धि गरेपछि प्रतिसिलिन्डर ग्याँसको मूल्य रु एक हजार ५७५ पुगेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्राकृतिक स्रोत साधनहरूमा सबै नागरिकको बराबर अधिकार

प्रस, निजगढ, २८ कात्तिक/

नदीजन्य पदार्थ तराई–मधेस र भावरमा महत्त्वपूर्ण प्राकृतिक स्रोतको रूपमा रहेको छ । जसमा ढुङ्गा, गिट्टी, बालुवा रहेका छन् ।



नदीजन्य पदार्थलाई प्रशोधन गरी तयार पारिएको रोडा, गिट्टी । तस्वीर: जीतलाल श्रेष्ठ

यसको उचित सदुपयोग र प्रयोगबाट नै तराई–मधेसको विकास गर्न सकिन्छ। यहाँका स्थानीय तहहरूको राजस्व आर्जनको मुख्य स्रोत पनि यही नै हो । तराई–मधेसको २७ जिल्लाका २४२ स्थलमा नदीजन्य पदार्थ उत्खनन गरेको पाइएको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजनामा जनाइएको छ ।

पूर्वमा इलामदेखि दक्षिण, पश्चिममा कैलालीसम्म पर्दछ । माथिल्लो तटीय जलाधार क्षेत्रबाट बगेर आएका थेगर थिग्रेर नदीको सतह माथि उठेको स्थलबाट त्यस्तो थेगर उत्खनन गर्नाले एकातिर निर्माण सामग्रीको रूपमा ती वस्तुहरू प्रयोग गर्न सकिन्छ। यसको सन्तुलित र उचित प्रयोगले नदीबगरको फैलावटलाई अझै फैलनबाट नियन्त्रण गर्दछ ।

यही प्राकृतिक स्रोत साधनको उत्खनन, सङ्कलन र बिक्री गर्न ठेक्का प्रक्रियाअघिका वातावरणीय परीक्षण प्रतिवेदन (आइइई) भने गैरकानूनी बाटो अवलम्बन गरी बन्दै आइरहेको छ। स्थानीय तहहरूद्वारा तयार पार्न लगाइएका वातावरणीय परीक्षण प्रतिवेदन (आइइई) मा तोकिएको नदीजन्य पदार्थ उत्खननबाट दैनिक तीन सय घन मिटर अर्थात् दैनिक बढीमा दश चक्के टिपरबाट २८ टिपरभन्दा बढी उत्खनन गर्न नपाइने रयदि उत्खनन गरिए वातावरण संरक्षण नियमावली–२०७७ को प्रारम्भिक वातावरणीय परीक्षणाको प्रावधानविपरीत हुने स्पष्ट उल्लेख छ ।

तर यहाँ स्थानीय तहहरूले तोकिएको परिमाणभन्दा दोब्बर, तेब्बर उत्खनन गर्ने गरेका छन्। तराई–मधेसमा रहेका स्थानीय तहहरूले प्रायः राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिसँग सहमति नलिई उत्खनन गर्ने गरेका छन्। कहींकतै विवाद र उजूरी वा जानकारी आएमा एकाध स्थानीय तहमा गई स्थलगत अनुगमन गरी चुरेले सहमति उपलब्ध गराएको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति काठमाडौंका भूगर्भविद् प्रेम पौडेलले जानकारी दिए ।

तराई–मधेसका अधिकांश ठूला नदीखोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्नका लागि वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ। तर यसतर्फ न त स्थानीय तहको ध्यान जान सकेको छ, न त जिल्ला समन्वय समिति, प्रदेश सरकार, न त सङ्घीय सरकारको नै ध्यान गएको छ ।

नदीजन्य पदार्थ उत्खनन, बिक्री वितरणको राजस्व प्रदेश सरकारले नै उठाउनुपर्ने हो । तर दुई नम्बर प्रदेश सरकारले स्थानीय तहहरूलाई ठेक्का रकमको ६० प्रतिशत दिई ४० प्रतिशत रकम लिने गरेको छ। यसबाट के प्रस्ट हुन्छ भने, आफ्नो दायित्वबाट टाढा भाग्दै स्थानीय तहलाई अघि लगाउँदै नदीजन्य पदार्थको चरम दोहनमा प्रदेश सरकारले नै सघाइरहेको छ ।

आफैं प्रस्तावक, आफैंले स्वीकृति, आफैंले नियमन, अनुगमन, आफैंले कार्यान्वयन गर्दा त्यसमा बदमाशी भए । आफैंले कारबाई गर्नेसम्मको अधिकार दिएको छ। यस्ता किसिमको अधिकार दुनियाँमा कतै कहीं नभएको र वातावरण परीक्षणको मर्म पनि त्यो नभएको, वन क्षेत्र प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेकोले वन कार्यालयको सहमतिमा प्रस्तावक स्थानीय तहहरूले नियमानुसार आइइई रिपोर्ट तयार गरी प्रदेश सरकारसमक्ष पेश गरी सो आइइई स्वीकृत भएमात्र कार्यान्वयनमा ल्याउनुपर्ने भएपनि स्थानीय तहहरूले ऐन, कानूनको खिल्ली उडाउँदै आइरहेका छन् ।

यस्ता खाले सबै सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएपछि जिल्ला समन्वय समितिबाट गरिने अनुगमन निकै फितलो र कमजोर बनेको जिल्ला समन्वय समिति बाराका संयोजक नवलकिशोर सिंहले बताए । बेलैमा यस्ता अधिकारलाई परिमार्जन नगरे प्राकृतिक स्रोत साधनको दुरुपयोग बढ्दै जाने संयोजक सिंहले बताए।

नदीजन्य पदार्थको चरम उत्खननले निजगढ नपामा रहेको बकैया खोलामा तीन दशकअघि तत्कालीन सोभियत सङ्घले पुल निर्माणसँगै बनाइदिएको पक्की ड्यामका स्ल्याबहरू धमाधम खोलामा केही वर्षयतादेखि झरिरहेका छन्। यसको संरक्षणमा स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकारको समेत बेवास्ता रहेको छ। त्यसैगरी, रूपन्देहीको तिनाउ खोला, महोत्तरी र धनुषा सीमामा पर्ने रातु खोला बिजौरे, चुरेलगायत अन्य साना/ठूला खोलाहरूमा समेत अत्यधिक उत्खननकै कारण भूक्षय, पहिरो तथा नदी किनार कटान जस्ता प्रकोपहरूको जोखिम बढ्दै गइरहेको छ ।

पछिल्लोपटक रेलमार्ग निर्माणका लागि नदीजन्य पदार्थको अत्यधिक उत्खनन भयो। जसको ज्वलन्त उदाहरण सर्लाहीमा बन्न पुगेको ताल हो । यस तालको नामकरण नभए पनि ‘भरत ताल’ भन्ने गरिन्छ । यहाँ ठूलो परिमाणमा नदीजन्य पदार्थ उत्खनन गरी निर्माणाधीन रेलवे लाइनमा प्रयोग गरियो। नेपालमा अहिले रेलसेवाको विकास महत्त्वपूर्ण अवस्था नभए पनि केही राजनीतिकर्मीको लहड भएको एकथरी सचेत नागरिक बताउँछन्। जनसङ्ख्याको हिसाबले पनि रेलमार्गको आवश्यकता नेपालमा अझै कैयौं वर्ष आवश्यक नभएको उनीहरूको तर्क छ । यसको विकल्पमा भएका सडकलाई फराकिलो बनाइ जीप, कारलगायतका विलासिताका सवारीसाधन तर अहिलेको आवश्यकतालाई सरकारले भारी भन्सार छुट गरी जनतालाई राहत दिनुपर्ने उनीहरूको भनाइ छ ।

विकसित मुलुकहरूले आफ्नो देशमा रहेको प्राकृतिक स्रोत साधनहरूलाई संरक्षण गर्ने गरेको तर हाम्रो मुलुकले सस्तो लोकप्रियताका लागि विकासको नाममा प्राकृतिक स्रोत साधनको चरम दुरुपयोग गर्ने गरेको छ। पञ्चायतकालमा रक्सौल–अमलेखगंजसम्म रेलसेवा सञ्चालनमा ल्याइँदा यहाँका मोटा/मोटा र ठूला/ठूला सखुवाका रूखहरू गायब पारिएको सचेत वृद्धाहरू बताउँछन् ।

तराई–मधेसको विकासमा नदीजन्य पदार्थले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले यसको संरक्षण र उचित प्रयोग गर्नुपर्ने हुन्छ । प्राकृतिक स्रोत साधनहरूमा सबै नागरिकको बराबर हक अधिकार रहन्छ। तर यहाँ हुनेखाने बोलवालाहरूले नै विभिन्न बहानामा सीमित व्यक्ति, समूहको स्वार्थमा यसको जथाभावी उत्खनन, दोहन गरिरहेका छन्।

# समाजवाद उन्मुख अर्थतन्त्रका बारेमा थाहा पाउनुपर्छ

काठमाडौं, २८ कात्तिक/रासस

अर्थमन्त्री जनार्दन शर्माले कर्मचारी प्रशासनले पनि समाजवाद उन्मुख अर्थतन्त्रका बारेमा थाहा पाउनुपर्ने र त्यसको अध्ययन गर्नुपर्ने बताएका छन् ।

राजस्व प्रशासनसम्बन्धी अधिकृतस्तरीय सेवाकालीन तालीमको आइतवार उद्घाटन गर्दै उनले कस्तो राजस्व नीतिले समाजवाद उन्मुख अर्थतन्त्र हुन्छ भन्ने कुरा कर्मचारीले जान्नैपर्ने बताएका हुन् ।



“नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्र भनेको छ। समाजवादको कुरा गरेको छ । तपाईंहरूले के हो समाजवाद भनेर पढ्नुपर्‍यो, थाहा पाउनुपर्‍यो,” मन्त्री शर्माले तालीममा सहभागी अधिकृत कर्मचारीलाई भने, “समाजवाद उन्मुख अर्थतन्त्रको विकास कसरी गर्न सकिन्छ भन्ने कुरा जान्नुपर्छ। कस्तो कर प्रणाली, कस्तो राजस्व नीति, कस्तो उत्पादनले समाजवाद उन्मुख अर्थतन्त्र विकास हुन्छ ? त्यो कुरा कर्मचारीले जान्नुपर्छ । यो विषय पनि तालीममा सिकाइयोस् ।”

संविधानले निदृष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र कार्यान्वयनका लागि मन्त्री शर्माले जोड दिए । उनले नेपालको संविधान राजनीतिकर्मी, कर्मचारी, सर्वसाधारण सबै मिलेर ल्याएको परिवर्तन तथा उपलब्धि भएकाले त्यसको कार्यान्वयनका लागि कर्मचारी नै ‘फिल्ड’मा रहेको स्मरण गराए ।

मन्त्री शर्माले समाजवाद उन्मुख अर्थतन्त्रका लागि ‘प्रगतिशील कर प्रणाली’ लागू गर्नुपर्नेमा जोड दिए। उनले व्यक्तिको कमाइका आधारमा कर सङ्कलन गर्नुपर्ने बताए । कतिपय धनी र धेरै कमाउने व्यक्तिले थोरै कर तिरेको तर थोरै कमाउनेले धेरै कर तिर्ने गरेको गुनासो सुनिएको भन्दै मन्त्री शर्माले त्यसमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याए । यस विषयमा प्रतिस्थापन विधेयकमार्फत व्यवस्था गर्न नसके पनि आगामी बजेटमार्फत कर नीतिमा आमूल परिवर्तन गरिने उनले बताए ।

“आगामी बजेटमार्फत कर नीतिमा आमूल परिवर्तन हुन्छ,” उनले भने, “हामीले कर बुझाउनलाई ताकेता गरिरहनुपर्ने अवस्था नहोस् । कर बुझाउन स्वयम् व्यक्ति आउने वातावरण र सजिलो व्यवस्था बनाउनुस् ।” मुलुकमा विभिन्न आन्दोलनबाट परिवर्तन आए पनि व्यवहारतः कार्यान्वयन गर्न सङ्क्रमणकालीन अवस्थामा सबैले आआफ्नो स्थानबाट प्रतिबद्ध भएर लाग्न मन्त्री शर्माले आग्रहसमेत गरे। उनले राष्ट्रनिर्माणका लागि राजनीतिकर्मी, कर्मचारी र जनताले आआफ्नो स्थानबाट प्रतिबद्ध भएर प्राप्त उपलब्धिको संरक्षण र सरकारको नीतिलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

उनले परम्परागत कार्यसम्पादन प्रणालीलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिंदै प्रविधिको प्रयोगले कम जनशक्ति लाग्ने र पारिश्रमिकसमेत बढाउन सकिने बताए ।

आजदेखि शुरू भएको तालीम आगामी पुस ९ गतेसम्म चल्नेछ ।

# सन्दर्भ विश्व मधुमेह दिवसः शहरी खानपानसँगै गाउँ पस्यो मधुमेह

– नारायण अधिकारी

चितवन, २८ कात्तिक/रासस

शहरी खानपान ग्रामीण क्षेत्रमा भित्रिएसँगै मधुमेहबाट गाउँ पनि असुरक्षित बन्दै गएका छन्। परीक्षणको दायरामा नआउने हुँदा जटिल अवस्थामा पुगेपछि ग्रामीण क्षेत्रका बिरामी उपचारका लागि आउन थालेको चिकित्सक बताउँछन् । पहिले–पहिले ग्रामीण क्षेत्रमा स्थानीय उत्पादनको प्रयोग हुने गरेकोमा पछिल्ला दिनमा तयारी खानाको प्रयोग बढेसँगै मधुमेहको समस्या देखिन थालेको हो ।

ग्रामीण क्षेत्रका बासिन्दाको परिश्रम घटेको र खानपान शहरजस्तै हुन थालेकोले रोग देखिन थालेको हो। दैनिक खाजा र खानामा शहरिया चाउचाउ, बिस्कुट, पास्ता, तयारी पेय पदार्थको प्रयोग बढी हुने गरेको छ। यससँगै मासु र मदिराको प्रयोग पनि बढेको छ ।

भरतपुर अस्पतालका फिजिसियन डा कालिदास अधिकारी ग्रामीण क्षेत्रमा शहरको रहनसहन भित्रिएसँगै मधुमेहको समस्या पनि बढ्न थालेको बताउँछन् । खानपानमा परिवर्तन, माछा, मासु, मदिराजस्ता वस्तुको उपभोग बढेकोले गाउँलेहरूमा समस्या देखिएको उनको भनाइ छ । उनी भन्छन्–गाउँमा पनि क्रयशक्ति बढ्यो, शहरको जस्तै खानपिन भयो, यसले समस्या बढाएको छ ।”

जीवनशैलीमा परिवर्तन आएको जनाउँदै उनले शहरमा नियमित परीक्षण हुने भए पनि ग्रामीण क्षेत्रका बिरामीले परीक्षण नगर्दा अन्तिम अवस्थामा अस्पताल आउने गरेका बताउँछन्। कलेज अफ मेडिकल साइन्सेस भरतपुरका फिजिसियन डा प्रकाश अर्याल शहरमा धेरै मानिस भएर धेरै बिरामी आएको भए पनि जनससङ्ख्याको अनुपातमा ग्रामीण क्षेत्रमा पनि उत्तिकै समस्या देखिएको बताउँछन् । उनी भन्छन्–“जो गाउँमा बस्छन्, उनीहरूले पनि खानपानमा ध्यान दिनुपर्‍यो, नियमित परीक्षण गर्नुपर्‍यो ।”

घरमा अन्य सदस्यलाई मधुमेह नभए पनि ३५ वर्षपछि नियमित परीक्षण गर्नुपर्ने जनाउँदै उनले घरमा कसैलाई मधुमेह भएमा २० वर्षको उमेरदेखि नै परीक्षण गरिरहनुपर्ने सुझाव दिएका छन् । मोटोपना, उच्च रक्तचाप र वंशाणुगत समस्या भएमा २० वर्षभन्दा कम उमेरकाले पनि परीक्षण गराइरहनुपर्ने उनको भनाइ छ। यस्ता वर्गले हरेक वर्ष परीक्षण गर्नुपर्छ। अन्यको हकमा तीनदेखि पाँच वर्षमा परीक्षण गर्न सकिने डा अर्यालको सुझाव छ । शहरकाले मात्रै होइन, ग्रामीण क्षेत्रमा बस्नेले पनि नियमित परीक्षण गर्नुपर्ने कुरामा उनले जोड दिए ।

चितवन मेडिकल कलेजका इन्डोक्राइनोलोजिस्ट डा सौरभ खतिवडाले शरीरमा चिनीको मात्रा पचाउन सक्ने क्षमतामा ह्रास आयो भने रगतमा चिनीको मात्रा बढ्ने बताए । उनले भने–“यो अवस्थालाई मधुमेह भनिन्छ । खाली पेटमा रगत परीक्षण गर्दा १२६ मिलीग्राम परडेसिलिटरभन्दा बढी र खाना खाएपछि २०० भन्दा बढी भएमा हामीले मधुमेह (डाइबिटिज) भन्दछौं ।” मधुमेह भएपछि खानपान, व्यायाम र औषधि यी तीन चीजको सहायताले सुगर (चिनी) निश्चित बिन्दुमा नियन्त्रणमा राख्न आवश्यक रहने उनी बताउँछन् ।

मधुमेह लाग्नै नदिन सतर्क रहनुपर्ने जनाउँदै उनी भन्छन्–“मुख्य कारण मोटोपन र विलासी जीवनशैली नै हो । यसलाई नियन्त्रणमा राख्नुपर्छ । अहिले धेरै मानिस लामो समय कुर्सीमा बसेर काम गर्छन्, शारीरिक कसरत गर्दैनन्। यसले गर्दा शरीरको ग्लुकोज पचाउने प्रणाली र इन्सुलिनले राम्ररी काम गर्न सक्दैनन्, यसले मधुमेह बनाउँछ ।”

दैनिक आधा घण्टा पसिना आउने गरी व्यायाम गर्न सुझाव दिंदै उनले भने–“वंशाणुगतरूपमा भए पनि खानपान र व्यायाम गर्न सकियो भने मधुमेह हुने

(बाँकी चौथो पातामा)

## नेप्से झिनो अङ्कले घट्यो

काठमाडौं, २८ कात्तिक/रासस


धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार झिनो अङ्कले ओरालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचक १.३८ अङ्कले घटेर दुई हजार ६८८.९२ मा ओर्लेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.२५ ले उकालो लागेर ५०२.४४ मा पुगेको छ। कारोबार भएका १३ उपसमूहमध्ये छ उपसमूहको शेयर ओरालो लागेको छ भने सात उपसमूहको शेयर मूल्य उकालो लागेको छ । बैंकिङ ७.४३, व्यापार १६.२९, जलविद्युत् २.९८, जीवन बीमा ६८.१७, सामूहिक लगानी ०.०७, लगानी ३.१९ अङ्कले ओरालो लागेको छ ।

त्यस्तै, होटेल तथा पर्यटन ३४.९९, विकास बैंक १६४.८७, वित्त २९.१८, निर्जीवन बीमा २०.० २०.०६, उत्पादन ५२.२६, अन्य ३५.४२, लघुवित्त ४.२८ अङ्कले बढेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा महालक्ष्मी विकास बैंक शीर्ष स्थानमा रहेको छ। सो बैंकको रु २७ करोड ३९ लाख ९३ हजार ९३ बराबरको कारोबार भयो। आइसिएफसी फाइनान्स रु २४ करोड २८ लाख ७२ हजार ६९०, नबिल बैंक रु १६ करोड ६७ लाख ६५ हजार ३६८, लुम्बिनी विकास बैंक रु १६ करोड २३ लाख ८६ हजार ८२२ र साहस ऊर्जा रु १३ करोड ४४ लाख २३ हजार ७३२ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा परेको छ।

आइतवारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ८१ अर्ब ९० करोड १६ लाख १३ हजार ६८० बराबर पुगेको छ ।



चुरे रहे पानी, पानी रहे हामी : वनजङ्गल, चुरे, पानीविना वातावरण असन्तुलन हुने । तस्वीरः जीतलाल श्रेष्ठ

# महापर्व छठसँगै चुनाव लक्षित दान सम्पन्न

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**दान दिने व्यक्तिले दान लिने व्यक्तिको सूची बनाएर दान गर्ने प्रवृत्तिलाई कसरी दान मान्न सकिन्छ ? चुनावमा मतको अपेक्षा केन्द्रित दान किमार्थ दानको सूचीमा पर्दैन । छठपछि यस वर्षको जाडो महीनामा पनि चुनाव लक्षित कम्बल दान गर्नेहरूको सङ्ख्यामा वृद्धि नहोला भन्न सकिन्न ।**

सोमवार 'नहाय खाय'देखि शुरू भएको महापर्व छठ व्रत बिहीवार उदाउँदो सूयलाई अर्घ्य दिएसँगै सम्पन्न भयो । अघिल्लो दुई वर्षको तुलनामा यस वर्ष छठ पर्वको वातावरण उत्साहमय थियो। अघिल्लो दुई वर्ष कोरानाको उग्र सन्तापमा बितेको सन्दर्भमा आम दिनचर्या असहज भएर पवहरू पनि प्रभावित हुनु स्वाभाविक थियो। यस वर्ष छठको उत्साह शहरदेखि गाउँसम्म व्यापक देखियो । दुई वर्षदेखि प्रभावित व्यापारिक कारोबार पनि यस वर्ष सन्तोषजनक भएको मान्नुपर्छ। बजारहरूमा देखिएको भीडले ठूला, साना तथा खुद्रा र सडक व्यापार राम्ररी फस्टाएको अनुमान गर्न सकिन्छ। छठ यस्तो पर्व हो, जसको धार्मिक र पौराणिक महत्त्व त छँदैछ, यो नितान्त सामाजिक सहिष्णुताको पर्व हो । त्यस कारण छठलाई 'महापर्व' भनिन्छ ।

सामान्य समयको तुलनामा छठ पर्वको अवसरमा व्यापारिक कारोबार झन्डै चार/पाँच गुणा बढी हुन्छ । यसरी जनआस्थाको महापर्व छठको आर्थिक कारोबारमा पनि निकै महत्त्वपूर्ण योगदान छ । माटाका सामग्री, बाँसको दौरा, डगरा, सुपुली, दूध, गुड, चिनी, पीठो, मैदा, घ्यू, खानेतेल, उखु, आर्ताको पात, बयर, सिंघडा, सुकेको बोडी, सुथनी, अरुई, अदुवा, स्याउ, केरा आदि छठ पर्वको सन्दर्भमा नभई नहुने कृषि उत्पादन हुन् । यसको अलावा नयाँ परिधानको कारोबार पनि निकै हुन्छ। कम समयमा बढी व्यापार हुने गरेकाले व्यापारीहरूले ऋण काढेर भएपनि छठ पर्वको अवसरमा अत्यधिक सामग्री भण्डारण गर्ने गर्दछन् । यसबाहेक अन्य प्रकृतिको व्यवसाय गर्ने साना तथा सडक व्यापारीहरू छठ पर्वको अवसरमा छठसँग सम्बन्धित सामग्रीको व्यापार गर्ने गर्दछन्।

जसरी कोरोनाको प्रसार घटाउन सामाजिक दूरी आवश्यक छ, त्यसरी नै प्राकृतिक तथा सामाजिक अपनत्व बढाउन छठ पर्व महत्त्वपूर्ण छ । पौराणिककालदेखि प्रचलनमा रहेको छठ पर्व सामाजिक अपनत्वको महापर्व हो । छठ पर्वले समाजलाई एक सूत्रमा बाँध्ने काम गर्दछ। जस्तै छठ पर्वको लागि आवश्यक पर्ने सामग्री स्थानीय उत्पादन हुन्छ । त्यसैगरी, विभिन्न व्यक्तिका फरक-फरक कृषि उत्पादनलाई छठपूजाको लागि एकत्रित गरिन्छ र पूजामा प्रयोग गरिन्छ । दूध उत्पादन गर्ने व्यक्ति दौरा, डगरा र सुपुलीको लागि अर्को व्यक्तिमा निर्भर हुन्छन् । त्यस्तै, बाँसको सामग्री निर्माण गर्ने व्यक्ति दूध र दहीको लागि अर्को व्यक्तिमा निर्भर हुन्छन् । माटाका सामग्री उत्पादन गर्ने व्यक्ति आफ्नो उत्पादनबाहेक अन्य सामग्रीको लागि अर्को व्यक्तिमा निर्भर हुन्छन् । अर्थात् एक व्यक्तिको अर्को व्यक्तिसँग सामाजिक सरोकार र समन्वय निर्विकल्प छ भन्ने कुरा छठ पर्वले बोध गराउँछ । छठघाट सजाउन युवाशक्ति अग्रपङ्क्तिमा हुन्छ । सरसफाइदेखि पण्डाल निर्माणजस्ता कार्य युवाको परिश्रमले फलीभूत हुन्छ ।

छठ महापर्व शुद्धताको प्रतीक हो । विभिन्न ठाउँबाट किनेर ल्याएको कृषि उपज पानीले धोइपखाली सफा गरिन्छ। चोखो पारिन्छ । मुख्यतया छठ पर्वमा महिलाहरू व्रत बस्छन् । यसर्थ अग्रपङ्क्तिमा महिला नै हुन्छन्। सारथिको रूपमा पुरुषहरूको सहयोगी भूमिका हुन्छ। यसरी छठ पर्वले महिला र पुरुषबीच सामञ्जस्यता बढाउँछ । देश विदेशमा रहेका आफन्तजनलाई छठ पर्वको अवसरमा घर आउने उत्सुकता हुन्छ । पर्वको उत्साहसँगै पारिवारिक जमघट तथा इष्टमित्रसँग भेटघाट गर्ने अवसर प्राप्त हुन्छ । धेरै दिनदेखि भेटघाट नभएका इष्टमित्र तथा आफन्त एकैथलोमा अर्थात् छठघाटमा उपस्थित हुन्छन् । यहीं अवसरमा एकअर्काको हालखबर अद्यावधिक गर्ने साइत जुर्छ ।

प्रकृति अर्थात् सूर्य र जलाशयसँग प्राणीजगत्को अटुट नातालाई झन् मजबूत बनाउने महापर्व हो, छठ । प्राणवायु, जल तथा सूर्यको प्रकाशविना प्राणीजगत्को अस्तित्वको कल्पना गर्न सकिंदैन । यसर्थ प्रकृति र प्राणीबीच गहिरो सम्बन्धको पर्यायवाचीको रूपमा सदीयौंदेखि छठ व्रत प्रचलनमा छ। छठ पर्व नजीकिंदै जाँदा सामाजिक गतिविधि चलायमान हुन्छ । छठ पर्वको लागि आवश्यक सामग्रीमध्ये जोसँग जति उपलब्ध छ, छरछिमेकमा बाँड्ने प्रचलन नितान्त सामाजिक सद्भावको प्रतीक हो। कागती, केरा, फर्सी, अदुवा र उखु आदि कृषि सामग्री निस्स्वार्थ घर-घरमा बाँडिन्छ । कमजोर आर्थिक अवस्था भएका परिवारलाई छरछिमेकले आर्थिक वा पूजन सामग्री सहयोग गर्ने प्रचलन पुर्खौंदेखि चलिआएको छ । छठ पर्वमा आवश्यक पर्ने सामग्री यदि कसैले मागेको खण्डमा झूटो बोल्ने वा ढाँट्ने काम कदापि गरिंदैन। यस पर्वमा कसैलाई कुनै सहयोग गर्दा प्रचारप्रसार गर्ने प्रचलन उहिले थिएन। धार्मिक संस्कार अनुसार दान दिएपछि प्रचार गर्नुहुँदैन । यदि प्रचार गरिन्छ भने त्यस दानको कुनै अर्थ छैन। छठ पर्वले मानवलाई प्रकृति, समाज, अपनत्व, ममत्व, सत्य वचन तथा सत्यमार्गतर्फ डोऱ्याउने कुरा सिकाउँछ।

**चुनाव लक्षित दान**

छठको अवसरमा यस वर्ष राजनीतिक वृत्तमा विभिन्न सामग्री बाँडेको देखियो । चुनावअघि यस्तो परोपकार गर्नेमाथि सन्देह उत्पन्न हुनु अस्वाभाविक होइन। अपवादबाहेक चुनाव लक्षित छठ सामग्री बाँड्ने विडम्बनापूर्ण होड बढ्दै गइरहेको छ । चुनावको पूर्वसन्ध्यामा परोपकारी भावना अङ्कुरण हुनु दानको आग्रह होइन । विगतको चुनावी इतिहासले वर्तमान चुनावअघिको गतिविधिमाथि संशय खडा गरेको छ।

सामाजिक सेवामा समर्पित बहुसङ्ख्यक पात्र छन् । उनीहरू सदैव समाजको भलोको निम्ति तत्पर रहन्छन्। उनीहरूलाई दान गर्नको लागि कुनै अमुक तिथि, मिति वा समयको प्रतीक्षा हुँदैन । प्राकृतिक प्रकोप होस् वा कुनै विपत्ति आइपरोस् वा पर्व तिहार नै किन नहोस्, उनीहरू अक्षम मानिसलाई सकेसम्म सहयोग गर्न सधैं तत्पर रहन्छन्। यद्यपि चुनावको पूर्वसन्ध्यामा एकाएक परोपकारी भावना उत्पन्न हुनु संयोग मात्र हुन सक्तैन। अघिल्लो चुनावअघि बाढी-पहिरो आएको थियो । चुनावका सम्भावित उम्मेदवारहरूले मनग्य सामाजिक सेवा गरेको देखियो । अपवादबाहेक विजेता जनप्रतिनिधिहरूको झन्डै चार वर्षको गतिविधि छर्लङ्ग छ। त्यस्तै, चार वर्षसम्म हराइरहेका पराजित उम्मेदवारहरूमा एकाएक धार्मिक सहिष्णुता उत्पन्न हुनुलाई कसरी सेवाभाव मान्न सकिन्छ ? अचेल गणतन्त्रको दोस्रो चुनावअघि सम्भावित उम्मेदवारहरू पुनः गाउँ तथा शहरका कुनाकप्चा पुग्न थाल्नु, सद्भावको कुरा गर्नु तथा जनसहयोगी प्रवृत्ति प्रकट गर्नु आदि संयोग मात्र होइन रहेछ । दान दिने व्यक्तिले दान लिने व्यक्तिको सूची बनाएर दान गर्ने प्रवृत्तिलाई कसरी दान मान्न सकिन्छ ? चुनावमा मतको अपेक्षा केन्द्रित दान किमार्थ दानको सूचीमा पर्दैन। छठपछि यस वर्षको जाडो महीनामा पनि चुनाव लक्षित कम्बल दान गर्नेहरूको सङ्ख्यामा वृद्धि नहोला भन्न सकिन्न । प्रत्यक्षतः दान देखिन्छ तर परोक्षमा मतको अपेक्षा मान्नु अतिशयोक्ति भन्न सकिन्न ।

# माओवादी केन्द्रको अधिवेशन



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, २८ कात्तिक/

नेकपा माओवादी केन्द्र पर्सागढी नगर कमिटीको अधिवेशन सम्पन्न भएको छ।

पर्सागढी नपा-५ पचरूखीमा सुनील रायभरको अध्यक्षतामा प्रथम वडा अधिवेशन सम्पन्न भएको हो । अधिवेशनबाट २९ सदस्यीय वडा कमिटी गठन गरिएको छ ।

कमिटीको अध्यक्षमा सुनील रायभर, उपाध्यक्ष विक्रम रायभर, कोषाध्यक्ष परमियादेवी पासवानलगायत छन् ।

कार्यक्रममा प्रमुख अतिथि माओवादी केन्द्रका पूर्व जिल्ला सल्लाहकार सदस्य बलराम आचार्य, विशिष्ट अतिथि विक्रम कार्कीलगायतको सहभागिता थियो ।

# नेका पर्साको निर्वाचन कात्तिक ३० गते हुने

प्रस, वीरगंज, २८ कात्तिक/

नेपाली काङ्ग्रेस, पर्साको निर्वाचन प्रक्रिया कात्तिक ३० गतेदेखि हुने सङ्केत देखिएको छ ।

कात्तिक २७ गतेदेखि हुने भनिएको निर्वाचन प्रक्रिया अन्तिम समयमा निर्वाचन अधिकृत नेत्रकुमार केसीले सूचना जारी गर्दै स्थगन गरेका थिए । प्राविधिक कारण देखाउँदै वडादेखि जिल्लासम्मको सबै निर्वाचन प्रक्रिया स्थगन भएको र अर्को सूचना जारी भएपछि निर्वाचन हुने बताइएको छ ।

नेका पर्सा स्रोत अनुसार नेकामा समाहित भएको गच्छदार पक्षका सक्रिय सदस्यहरूको नामावली परिवर्तन गरेर सोही पक्षबाट अन्य व्यक्तिहरूको नाम सिफारिश भएको कारण पर्साको निर्वाचन कात्तिक २७ गते हुन नसकेको हो ।

केन्द्रीय निर्वाचन कमिटीले प्रदेश २ को निर्वाचन कात्तिक २७ गतेदेखि मङ्सिर ९ गते सम्पन्न गर्ने गरी कार्यसूची बनाएको थियो ।

आजभोलिमा गच्छदार पक्षका पर्सा जिल्लाबाट सिफारिश भएर गएका व्यक्तिहरूको नाम संशोधन भएर आउने र कात्तिक ३० गते निर्वाचन हुन सक्ने नेका स्रोतले जनाएको छ ।

**सन्दर्भ विश्व मधुमेह दिवस....**

समय पाँच/दश वर्ष पछाडि धकेलिन्छ। शरीरलाई आवश्यक पर्ने मात्रा मिलाएर खानुपर्छ ।

हाम्रो खानामा भात, ढिलो बढी खान्छौं । यसबाट थोरै खाँदा पनि धेरै ग्लुकोज बन्ने भएकोले भात र ढिलोको मात्रा कति खाने भन्ने जानकारी लिन जरूरी छ ।" आफ्नो तौल, उमेर र उचाइ अनुसार डाइटिसियनसँग परामर्श गरेर खाना खाने बानी बसाल्नु राम्रो हुने उनको सुझाव छ। सामान्यतया हामीले खाने चामल बिहान डेढ मुठी र बेलुका एक मुठी खाँदा पर्याप्त हुन्छ। एकैपटक धेरै नखान र पटक-पटक थोरै-थोरै खान उनी सुझाव दिन्छन् ।


भरतपुर अस्पताल विकास समितिका अध्यक्ष फिजिसियन डा भोजराज अधिकारी मधुमेह आफैंमा रोग नभएको बताउँछन् । उनी भन्छन्-"मधुमेह रोग होइन, रोग हुन सक्ने कुराहरूको सङ्ग्रहमात्रै हो ।" मधुमेहका कारण आँखा, मुटु, मिर्गौला, खुट्टा, रगतका नलीमा हान्यो भने बल्ल त्यो रोग हुने उनको भनाइ छ। उनले भने-"मधुमेहलाई राम्ररी नियन्त्रण गऱ्यौं भने स्वस्थ जीवन जिउन सकिन्छ ।"

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् १९८० मा विश्वमा जम्मा १० करोड मानिसमा मधुमेह भएको र करीब ४० वर्षपछि यो सङ्ख्या ४५ करोडभन्दा बढी पुगेको छ ।

मधुमेह उपचारमा विगत लामो समयदेखि सक्रिय डा अधिकारीले अर्को ४५ करोड मधुमेह हुन सक्ने, पत्ता नलागेका र अर्को वर्ष वा जीवनशैली नबदले हुन सक्ने मानिसको सङ्ख्या रहेको बताउँछन् । विश्वका सात अर्ब जनसङ्ख्यामा करीब ९० करोड मधुमेह भएका वा हुन सक्ने मानिस रहेको जनाइएको छ ।

नेपालमा पनि करीब-करीब जनसङ्ख्याको ८.४ प्रतिशत मानिसलाई मधुमेह भएको अनुमान गरिएको डा अधिकारीको भनाइ छ। नेपालमा यसको परीक्षणको पहुँच सबैतिर पुगिसकेको जनाउँदै उनले भने-"अर्को ८.४ प्रतिशत परीक्षण नभएको छ भन्ने अनुमान गरिएको छ ।" नेपालका शहरी क्षेत्रमा गरिएको अध्ययनले करीब २० प्रतिशत मधुमेहबाट प्रभावित भएको देखाएको जनाउँदै उनले गाउँमा तीन प्रतिशतलाई मधुमेह भएको बताए ।

स्वस्थ जीवनशैली अँगाल्न र मधुमेही छु कि छैन भनेर वर्षमा एकपटक मधुमेह परीक्षण गर्न उनले सुझाव दिए। उनले भने-"वर्षमा एकपटक परीक्षण गरियो भने करीब-करीब फेरि मधुमेह लाग्ने सम्भावना त्यो वर्षलाई १२ प्रतिशतले टर्छ ।"




## फरक समाचार

# हृदयघात घटाउन १०-११ बजेभित्र सुत्नुपर्छ

हृदयघात र स्ट्रोकको खतरा घटाउनु छ भने राति १०-११ बीच सुत्नुपर्छ । वैज्ञानिकले यस समयलाई गोल्डेन आवर भन्छन्। वैज्ञानिकले मान्छे सुत्ने समय र मुटुको रोगबीच एउटा सम्बन्ध भेट्टाएका छन्। विशेषगरी महिला जो अबेर राति सुत्ने गर्छन् ।



यो दाबी इङ्गल्यान्डको एक्सेटर युनिभर्सिटीका शोधकर्ताले हालै गरेको अनुसन्धानमा गरेका छन्। शोधकर्ताको भनाइ छ, यदि तपाईं आधा रातमा वा अबेर सुत्नु हुन्छ भने यसले मुटु क्षतिग्रस्त हुन सक्छ। शोधकर्ताको भनाइ छ मान्छेको निद्रा र मुटुको बीच एउटा सम्बन्ध हुन्छ। जो व्यक्ति अबेर सुत्छ र बिहान चाँडै उठ्दैन, उनीहरूको शारीरिक घडी खलबलिन्छ। मुटुमाथि नराम्रो असर पर्छ। त्यसैले राति चाँडै सुतेर मुटुको रोगको खतरालाई कम गर्न सकिन्छ ।

शोधकर्ताहरूले ४३ देखि ७४ वर्षका ८८ हजार ब्रिटिश वयस्कमाथि अनुसन्धान गरेका थिए । शोधमा सहभागीहरूको हातमा ट्रैकर लगाइएको थियो । ट्रैकरको माध्यमबाट उनीहरू सुत्ने र उठ्ने गतिविधिलाई निगरानी गरिएको थियो । यसको अलावा उनीहरूको दिनचर्यासँग सम्बन्धित प्रश्न-उत्तर सोधिएको थियो । ती व्यक्तिको पाँच वर्षसम्मको मुटुरोग, हृदयघात, स्ट्रोक, मुटु फेल आदिको मेडिकल रेकर्ड राखिएको थियो र त्यसको तुलना गरिएको थियो ।

शोधको नतीजा अनुसार जुन व्यक्ति राति १० देखि ११ बजेबीच सुत्दथे, उनीहरूमा हृदयरोगको मामिला सबैभन्दा कम थियो । त्यस्तै, आधा रातमा सुत्नेहरूमा यो खतरा २५ प्रतिशतसम्म बढी थियो ।

युरोपियन हार्ट जर्नलमा प्रकाशित अनुसन्धान अनुसार मान्छेलाई प्रेरित गरेर चाँडै सुत्न लगाएर मुटुको रोगको खतरा कम गर्न सकिन्छ। डा डेभिड प्लान्स भन्छन्, २४ घण्टा चल्ने शरीरको भित्रको घडीले नै हामीलाई शारीरिक र मानसिकरूपमा स्वस्थ राख्छ। यसलाई सरकेडियन रिद्म भनिन्छ। अबेर सुत्दा सरकेडियन रिद्म बिग्रिन्छ। यसैलाई यसलाई ठीक बनाउनुपर्छ ।

**जाडोमा स्ट्रोक र हृदयघात रोक्ने तरीकाः**

अत्यधिक चीसो मौसममा मुटुमाथि दबाब पर्छ । रक्तवाहिका खुम्चिन्छ । यसबाट रक्तचाप बढेपछि स्ट्रोक र हृदयघातको खतरा पनि बढ्छ। युरोपियन जर्नल अफ एपिडिमियोलोजी अनुसार जो व्यक्ति मोटो छ, धुम्रपान गर्छ वा उच्च रक्तचापबाट पीडित छन्, उनीहरूमा स्ट्रोक र हृदयघातको खतरा ३० प्रतिशतभन्दा बढी हुन्छ । अमेरिकी एजेन्सी सिडिसी अनुसार रक्तचाप बढिरहन्छ भने यसले मुटुलाई नोक्सान मात्र पुऱ्याउँदैन, स्ट्रोकको खतरा पनि बढाउँछ ।

अमेरिकन हार्ट एशोसिएशन अनुसार अत्यधिक चीसोको समयमा रक्त गाढा र लेसाइलो हुन्छ, जसले गर्दा सजिलै थक्का बन्छ। धेरैजसो रगतको थक्का बन्ने कारण पनि यही हो। यो थक्काले मस्तिष्कको रक्तवाहिकाको बाटो बाधित गर्छ। सिडिसी अनुसार कुनै पनि ब्याक्टेरिया वा भाइरससँग लड्न इम्युन सिस्टमले एन्टीबडी बनाउँछ । घामबाट शरीरले यो एन्टिबडी बढी मात्रामा बनाउँछ । यसको अलावा घामले सुन्निएको र उच्च रक्तचापलाई पनि कम गर्छ। मस्तिष्कको कार्यक्षमता बढ्छ। यसैले बिहान २० मिनेटसम्म घाममा बस्नुपर्छ ।

शरीरमा घाम परेपछि सेरोटोनिन हार्मोन रिलिज हुन्छ, जसले व्यवहार राम्रो बनाउँछ। हार्मोन कार्बोहाइड्रेट पनि रिलिज गर्छ। यद्यपि जाडोमा घामको तेज कम हुन्छ। यसैले भोकको अनुभूति बढी हुन्छ। प्रोटिनले भोक बढाउने हार्मोन घ्रेलिनलाई कम गर्छ। भोजनमा लिइने क्यालोरीमा यदि ३० देखि ३५ प्रतिशत प्रोटिन छ भने भोक कम लाग्छ। यसबाट वजन पनि बढ्दैन। बिहान ४० मिनेटको कसरतले उच्च रक्तचाप र स्ट्रोकको खतरालाई २७ प्रतिशतसम्म कम गर्छ । इन्स्टिच्युट अफ साइकियाट्री, साइकोलोजी र न्यूरोसाइन्स अनुसार प्रतिदिन ३० देखि ४० मिनेट कसरत गर्ने व्यक्तिमा अवसादको खतरा २८ प्रतिशतसम्म कम रहन्छ ।

# गर्मीमा १२.५ डिग्री तापमान घटाउने कपडा

गर्मीमा सिल्कको कपडाले तपाईंलाई कटनभन्दा चीसो राख्छ । वैज्ञानिकले सिल्कको यस्तो कपडा तयार गरेका छन्, यसले सुतीको कपडाको तुलनामा १२.५ डिग्री सेल्सियससम्म तापमान घटाउँछ। यो कपडा लगाउँदा गर्मीबाट राहत पाउन सकिन्छ ।

कपडालाई चीनको नानजिङ युनिभर्सिटीका शोधकर्ता र स्टेनफोर्ड युनिभर्सिटीको शान्हुई फैनले मिलेर तयार गरेका हुन् । शोधकर्ताको भनाइ छ, गर्मी मौसममा बाहिर जाँदा शरीरलाई चीसो राख्ने उद्देश्यले यो कपडा तयार गरिएको हो ।

संसारमा १५ प्रतिशत बिजुलीको प्रयोग मनुष्यले आफूलाई चीसो राख्न प्रयोग गर्छन् । नयाँ कपडाको मदतबाट बिजुलीको मागलाई केही हदसम्म कम गर्न सकिन्छ। शोधकर्ताको भनाइ छ, साधारणतया सिल्कले सूर्यको किरणलाई परावर्तित गर्छ । यस विशेषतालाई ध्यानमा राख्दै सिल्कमा परिवर्तन गरेर यस्तो कपडा बनाइएको हो, जसले सूर्यको किरणलाई ९५ प्रतिशतसम्म परावर्तित गर्न सक्छ ।




शोध अनुसार कपडाले जति बढी सूर्यको किरणलाई परावर्तित गर्छ र कमसेकम अवशोषित गर्छ। यसले शरीरलाई घामको असरबाट बचाउँछ र चीसो राख्छ। घाममा कपडाको परीक्षण गर्दा वरपरको हावाभन्दा पनि ३.५ प्रतिशतसम्म चीसो भएको देखियो। शोधकर्ताको भनाइ छ, यो संसारको यस्तो कपडा हो, जुन हावाभन्दा पनि चीसो छ। कपडामा अल्मुनियम अक्साइडको नैनौपार्टिकल मिलाइएको छ। यसले यो इन्फ्रारेड, भिजिबल र अल्ट्राभायलेट किरणलाई परावर्तित गरेर शरीरबाट टाढा राख्छ ।

यस विशेष प्रकारको सिल्कको कपडालाई यसरी बुझ्न सकिन्छ। यदि तपाईं ४० डिग्री सेल्सियस घाममा यो सिल्कको कपडा लगाउनुहुन्छ भने यसले तपाईंलाई ३२ डिग्री सेल्सियस तापमान महसूस गराउँछ । त्यस्तै, सुतीको तुलनामा यसले १२.५ डिग्री सेल्सियस कम तापमान महसूस गराउँछ। परीक्षणमा यो साबित पनि भइसकेको छ । - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतको महाराष्ट्रमा २६ नक्सल विद्रोही मारिए

नयाँ दिल्ली, २८ कात्तिक/सिन्ह्वा

भारतीय प्रहरीको कारबाहीमा भारतको महाराष्ट्रमा कम्तीमा पनि २६ जना नक्सलाइट विद्रोही मारिएको जनाइएको छ। महाराष्ट्रको गदचिरोली जिल्लामा भारतीय सुरक्षाकर्मीसँग नक्सलाइटको भिडन्त भएको थियो। सो भिडन्तमा परेर कम्तीमा पनि २६ जना नक्सलाइटको ज्यान गएको बताइएको छ। प्रहरीका अनुसार यस क्रममा अरू केही प्रहरी घाइते भएका छन्।


महाराष्ट्रको जङ्गलमा नक्सलवादीहरूको खोजी गर्दै प्रहरी। तस्वीरः एजेन्सी

महाराष्ट्र प्रहरीका अनुसार उक्त जिल्लाको मार्दिनतोला जङ्गलमा सो भिडन्त भएको थियो। भिडन्तका क्रममा मारिएका २६ नक्सलवादीको शव प्रहरीले फेला पारेको जनाएको छ। कतिपय विद्रोही भागेका र अरू केही घाइते भएका छन्। सो जङ्गलमा उनीहरू लुकेर बसेको सूचना पाएर प्रहरी त्यहाँ पुगेको बताइएको छ।

उक्त जङ्गलमा प्रहरीले केहीअघिदेखि खोजी अभियान सञ्चालन गरिरहेको छ। त्यस क्रममा केही हप्ताअघि पनि प्रहरी र नक्सालवादीबीच भिडन्त भएको थियो। उक्त जङ्गलमा प्रहरी टोली पुगेपछि नक्सलीहरूले आक्रमण शुरू गरेको बताइएको छ। प्रहरीले नक्सलीहरूले प्रयोग गरेका हतियार पनि बरामद गरेको जनाएको छ।

नक्सलवादीहरू भारतको मध्य तथा पूर्वी क्षेत्रमा पछिल्ला समयमा सक्रिय रहिआएका छन्। ती क्षेत्रमा सुरक्षा व्यवस्था पनि कडा पारिएको भारत सरकारले जनाएको छ। रासस

## भारतमा सक्रिय सङ्क्रमितहरूको सङ्ख्या कम

नयाँ दिल्ली, २८ कात्तिक/एएनआई

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएका सक्रिय सङ्क्रमितहरूको सङ्ख्या धेरै कम देखिएको छ। सरकारी अधिकारीहरूले आइतवार दिएको जानकारी अनुसार भारतमा अहिले सन् २०२० को मार्चपछिकै सबैभन्दा थोरै सक्रिय सङ्क्रमित रहेका छन्।


लखनउको सिभिल अस्पतालमा खोप लगाउँदै स्वास्थ्यकर्मी। तस्वीरः पिटिआई

उनीहरूका अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्या एक लाख ३५ हजार ९८१ रहेको छ।

"कुल सङ्क्रमितमध्ये अहिले एक प्रतिशतभन्दा कम मात्रै सक्रिय सङ्क्रमित रहेका छन्, यो सङ्ख्या पछिल्ला ५२२ दिन अर्थात् १७ महीनापछिकै सबैभन्दा कम हो," केन्द्रीय स्वास्थ्य मन्त्रालयको वक्तव्यमा उल्लेख छ। त्यसैगरी, पछिल्लो २४ घण्टामा भारतमा ११ हजार २७१ जना नयाँ सङ्क्रमित थपिएको पनि मन्त्रालयले जनाएको छ। मन्त्रालयका अधिकारीहरूका अनुसार सोही अवधिमा कोरोना भाइरसका कारण थप २८५ जनाको मृत्यु भएको छ।

भारतमा अहिलेसम्म कोरोना भाइरसका कारण मृत्यु भएकाहरूको कुल सङ्ख्या चार लाख ६३ हजार ५३० पुगेको मन्त्रालयको विवरणमा उल्लेख छ। पछिल्लो एक दिनमा नयाँ थपिएका सङ्क्रमितमध्ये छ हजार ४६८ जना केरला राज्यका मात्रै रहेका छन्। भारतमा कोरोनाका कारण अहिले सबैभन्दा बढी प्रभावित केरलामा एक दिनमा मात्रै २३ जनाको मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा भारतमा १२ लाख ५५ हजार ९०४ जनाको कोरोना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। रासस

### नोभेम्बर १४ सम्मको विश्व र केही देशका कोरोना सङ्क्रमितको सङ्ख्या

बेइजिङ, २८ कात्तिक/रासस/सिन्ह्वा

जोन्स होप्किङ्स विश्वविद्यालयले पुष्टि गरेको नोभेम्बर १४ सम्म विश्वलगायत दश देशको कोरोना सङ्क्रमितको सङ्ख्या यस प्रकार रहेको छ।

| देश | सङ्क्रमितको सङ्ख्या |
|---|---|
| विश्व | २५२,९५९,३४१ |
| संयुक्त राज्य अमेरिका | ४७,०५०,५०२ |
| भारत | ३४,४२६,०३६ |
| ब्रजील | २१,९५३,८३८ |
| बेलायत | ९,५७२,३५१ |
| रूस | ८,८८१,३०६ |
| टर्की | ८,३८८,५१२ |
| फ्रान्स | ७,३७७,४८३ |
| इरान | ६,०३१,५७५ |
| अर्जेन्टिना | ५,३०५,१५१ |

## चिनियाँ र अमेरिकी विदेशमन्त्रीबीच फोनवार्ता

बेइजिङ, २८ कात्तिक/सिन्ह्वा

चिनियाँ विदेशमन्त्री वाङ यी र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनबीच फोनवार्ता भएको छ। चिनियाँ विदेशमन्त्री र अमेरिकी विदेशमन्त्रीबीच शनिवार फोनमा कुराकानी भएको चिनियाँ विदेश मन्त्रालयले शनिवार जानकारी गराएको हो।



चिनियाँ विदेशमन्त्री वाङ यी र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केन। तस्वीरः एपी

उनीहरूले चीन अमेरिका सम्बन्धका साथै अरू साझा चासोका विषयमा पनि कुराकानी गरेको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनियाङले जानकारी दिएका छन्।

फोनवार्ताका क्रममा चीन र अमेरिकाबीच द्विपक्षीय सम्बन्ध, दुई देशबीच द्विपक्षीय व्यापारका साथै अन्य आपसी हितका साथै क्षेत्रीय र विभिन्न अन्तर्राष्ट्रिय मुद्दाबारे पनि कुराकानी भएको बताइएको छ। चिनियाँ राष्ट्रपति सि जिनपिङ र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच भिडियो कन्फ्रेन्सिङका माध्यमबाट वार्ता हुने भएको छ। उनीहरूबीच बेइजिङको स्थानीय समयानुसार आगामी नोभेम्बर १६ को बिहान सो वार्ता हुने भएको छ।

सोही उच्चस्तरीय वार्ताको पूर्व सन्ध्यामा दुई देशका विदेशमन्त्रीबीच फोनवार्ता भएको हो। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनियाङले सो कुराको जानकारी दिएका हुन्। रासस

## धोबिनीमा अनियमितता भएको आरोपसहित ज्ञापन

प्रस, वीरगंज, २८ कात्तिक/

धोबिनी गाउँपालिका-२ का बासिन्दाले विभिन्न माग राख्दै गापा कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्।

जनता समाजवादी पार्टीका स्थानीय नेता मदन चौहान नेतृत्वको टोलीले गापा अध्यक्ष सुरेश कुर्मी र प्रमुख प्रशासकीय अधिकृत राजु साहलाई संयुक्तरूपमा ज्ञापनपत्र बुझाउँदै तत्काल माग सम्बोधन गर्न माग गरेको थियो।

ज्ञापनपत्रमा वडा नं १ ओरिया खोलामा घोडदौडाका बासिन्दाका लागि गत आव २०७५/७६ मा छुट्ट्याइएको रु ५० लाख रकम निकासा भए तापनि के कारणले निर्माण कार्य सम्पन्न नभएको भन्दै सोबारे स्पष्ट पार्न माग गरिएको छ। वडा नं २ स्थित प्राथमिक स्वास्थ्य केन्द्रको निर्माण कार्य किन रोकिएको, २०७७/७८ मा डिपिआरको बहानामा २० लाख रुपैयाँ विनियोजन गरे पनि सो रकमबारे जानकारी नगराएको भनी चासो राखिएको थियो।


माग सम्बोधन गर्न मागसहितको ज्ञापन पढेर सुनाउँदै। तस्वीरः प्रतीक

सोही वडाको भिखमपुरदेखि गुलरियासम्मको सडक निर्माण कार्यमा पटक-पटक रकम विनियोजन गरी खर्च गरेको भेटिएको छ।

गत आवको प्रधानमन्त्री स्वरोजगार कोषमा आएको ५२ लाख रुपैयाँ कहाँ खर्च भएको तथा गत आवको प्रमाणित आयव्ययसमेत उपलब्ध गराउन माग गरिएको स्थानीय देवेन्द्रप्रसाद कुर्मीले बताए।

## प्रेस सेन्टर बाराको अध्यक्षमा यादव

प्रस, जीतपुर, २८ कात्तिक/

नेकपा (माओवादी केन्द्र) निकट प्रेस सेन्टर नेपाल बाराको दोस्रो जिल्ला अधिवेशनमा रञ्जन यादव सर्वसम्मत अध्यक्ष चयन भएका छन्।



तस्वीरः प्रतीक

जीतपुरसिमरा उपमहानगरपालिका-१४ मौलापुरमा भएको जिल्ला अधिवेशनले यादवको अध्यक्षतामा उपाध्यक्ष प्रदीप गौतम, महिला उपाध्यक्ष प्रियङ्का साह, सचिव उमेश घलान, सहसचिव पप्पु साह र कोषाध्यक्षमा रितिका अधिकारी सर्वसम्मत चयन भएका छन्।

यसैगरी, सदस्यहरूमा अनिल पाण्डे, रञ्जना खतिवडा, कोपिला चौलागाई, विपना शर्मा, समिता चौलागाई, सन्दीप साह रौनियार, पवित्राकुमारी चौलागाई, शिवराज अधिकारी, गेसकुमार श्रेष्ठ, अङ्कित गौतम, साबिर अन्सारी, ऋषि सहनी, मुकेश मेहतालगायत छन्।

अधिवेशनले महेश्वर अधिकारी, रामबाबू मेहता र गम्भीरा सहनीलाई महाधिवेशन प्रतिनिधि चयन गरेको छ भने वसन्त लामा, फैजुल्लाह आलम र प्रभु यादवलाई प्रदेश प्रतिनिधि तोकेको छ।

यसअघि जिल्ला अधिवेसनको नेकपा माओवादी केन्द्र बाराका संयोजक क्षेत्रबहादुर श्रेष्ठ (अनिल)ले गरेका थिए। उनले सत्य र निष्पक्ष पत्रकारिता गर्न सुझाउँदै फेरि नेपालमा मिशन पत्रकारिताको खाँचो महसूस गरिएको बताए।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य राजन पौडेल, रविराज दङ्गाल, महाधिवेशन आयोजक कमिटी सदस्य विदुर खड्का, जीतपुरसिमरा उपमहानगरपालिकाका वडाध्यक्ष मोहित चौधरी, ईश्वर केसी, रामशरण बर्तौला, रामप्रसाद लामिछाने, कार्यपालिका सदस्य शोभा कार्कीलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए।

## तिलावे पुलको काम तीन दिनभित्र शुरू गर्न निर्देशन

प्रस, वीरगंज, २८ कात्तिक/

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगंजका प्रमुख दरोगा साहले पप्पु/लुम्बिनी जेभीलाई हुलाकी सडकखण्डमा पर्ने तिलावे नदीमा पुलको निर्माण कार्य तीन दिनभित्र शुरू गर्न निर्देशन दिएका छन्।


पुल निर्माणबारेमा छलफल गर्दै प्रमुख साहलगायत। तस्वीरः प्रतीक

प्रमुख साहले पप्पु कन्स्ट्रक्शनका पूर्वसञ्चालक एवं निलम्बित सांसद हरिनारायण रौनियार, लुम्बिनी जेभीका प्रतिनिधिद्वय युवराज अर्याल र नवराज ज्ञवालीलाई बोलाएर तीन दिनभित्र तिलावे पुलको निर्माण कार्य शुरू गर्न निर्देशन दिएका हुन्।

आज निर्माण कम्पनीसँग पुल निर्माण, मोबिलाइजेशन पेश्की र डाइभर्सनका बारेमा छलफल भएको थियो। छलफलमा प्रमुख साहले निर्माण कम्पनीलाई तीन दिनभित्र पुलको काम शुरू गर्न निर्देशन दिएका थिए।

निर्माण कम्पनीले लिखितरूपमा तीन दिनभित्र काम शुरू गर्ने सहमति जनाएको प्रमुख साहले बताए। उनले कोरोनाको कारण भएको बन्दाबन्दी अनि वर्षाले छ महीनादेखि पुल निर्माणको काम रोकिएकोमा तीन दिनभित्र काम शुरू गर्न निर्देशन दिएका हुन्।

काम शुरू भएपछि बाँकीका दुई विषयमा छलफल हुने सो कार्यालयले जनाएको छ।

पुल निर्माणमा ढिला भएको, डाइभर्सन नबनाउँदा तिलावे नदीमा रहेको पुरानो पुलबाट एकतर्फी सवारी सञ्चालन हुँदा दैनिक तीन/चार घण्टाभन्दा बढी जाम झेल्नुपरेको भन्दै स्थानीय युवाहरूले तिलावे पुल निर्माणमा भएको ढिलाइविरुद्ध आन्दोलन पनि गर्दै आएका छन्।

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| | |
|---|---|
| मेष: बेचैनी | वृष: मनोरञ्जन |
| मिथुन: सफलता | कर्कट: प्रगति |
| सिंह: वादविवाद | कन्या: यात्रालाभ |
| तुला: कडाश्रम | वृश्चिक: सुसमाचार |
| धनु: उदरपीडा | मकर: विजय |
| कुम्भ: धनलाभ | मीन: भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# सामाजिक सुरक्षा भत्ता लिन बस चढ्दा वृद्धवृद्धाहरू खुशी

प्रस, निजगढ, २८ कात्तिक/

करैयामाई गाउँपालिकाकी ९५ वर्षीया सरस्वती चौधरी सामाजिक सुरक्षा भत्ता लिन बस चढेर जान पाउँदा निकै खुशी देखिइन्। उनी बस नचढेको पनि वर्षौं भएछ। वडाका थुप्रै वृद्धवृद्धासँगै एउटै बसमा चढेर बैंकसम्म पुगी सहजरूपमा भत्ता पाएकोमा त्यसै वडाका अध्यक्ष सुरेन्द्र साहलाई आर्शीवाद दिनसमेत उनले भ्याइन् र भनिन्– यसरी नै हामी जस्तै सबै जनतालाई सेवा दिई रहनु बाबु। उनले महीनाको चार हजार भत्ता पाउँछिन्।

त्यसैगरी, सोही वडाकी अर्की ८५ वर्षीया रामकली कुर्मिनी पनि हातमा भत्ता रकम र बस चढ्न पाएकोमा मनमनै प्रफुल्ल थिइन्। वृद्ध भएकीले बस चढेर अन्यत्र जान छाडेकोले वडाध्यक्षले हाम्रो सेवाका लागि बस चढाएर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएकोमा उनले पनि धन्यवाद दिइन्।

युवा जनप्रतिनिधि एवं वडाध्यक्ष सुरेन्द्र साहले वडामा चुनाव जीतेसँगै सडकलगायतका अन्य विकास कार्य आफैं खटेर गरेपछि वडावासीको नजरमा विकासप्रेमी जनप्रतिनिधिको छवि बनाउन सफल भएको उनीहरूले बताए।

त्यसैगरी, सोही वडाका ८२ वर्षीय सजावल साह सोनार पनि टोलका सबै वृद्धवृद्धासँगै आफू पनि बसमा चढेर सामाजिक सुरक्षा भत्ता लिन जान पाएकोमा निकै खुशी थिए। "उमेरका कारण र ग्रामीण भेग भएकोले बस नचढेको धेरै वर्ष भएछ," उनले पनि सुनाए। हाम्रो वडाध्यक्ष सुरेन्द्रले राम्रो काम गरेका छन्। आफू युवा उमेरमा बसमा चढेर धेरै ठाउँ गए पनि बुढेसकाल लागेपछि धेरै वर्ष भयो बस नचढेको उनले युवा उमेरका अतीत सम्झँदै भने।



सामाजिक सुरक्षा भत्ता लिन वृद्धवृद्धाहरूलाई बस सुविधा दिँदै वडाध्यक्ष सुरेन्द्र साह। तस्वीर: प्रतीक

सामाजिक सुरक्षा भत्ता लिन घरदैलोमा नै बस आइपुगेपछि सोही वडाका ७८ वर्षीय ब्रह्मदेव साह कलवार हतारहतार बसमा चढे। टोल र वडाका धेरै साथी देखेपछि उनी झनै खुशी भए।

यही कात्तिक २२ गते वडाध्यक्षले बसको व्यवस्था गरिदिएका थिए। करैयामाई गाउँपालिका–८ नरहीमा ५५० जना वृद्धवृद्धाको नाम सामाजिक सुरक्षा भत्ता रेकर्डमा रहेको वडाध्यक्ष सुरेन्द्र साहले जानकारी दिए। छुट भएकाहरूको रेकर्डसमेत राख्ने उनले जानकारी दिए। ज्येष्ठ नागरिकले प्रतिमहीना चार हजारका दरले तीन/तीन महीनामा १२ हजार पाउने, त्यसैगरी एकल महिलालगायत विभिन्न वर्गीकरण अनुसार सङ्घीय सरकारले उपलब्ध गराएको भत्ता रकम वडावासीलाई सरल र सहजरूपमा उपलब्ध होस् भन्नेमा आफू निकै चनाखो रही सेवामा समर्पित रहेको वडाध्यक्ष साहले बताए।

सामाजिक सुरक्षा भत्ता लिन १२ किलोमिटर टाढा मधुवन बजार रहेको बैंकमा पुग्नुपर्ने भएकोले उनीहरूका लागि निश्शुल्क बससेवा उपलब्ध गराएको उनले बताए।

# प्रधानन्यायाधीशको राजीनामा माग्दै वीरगंजमा कानून व्यवसायीद्वारा धर्ना शुरू

प्रस, परवानीपुर, २८ कात्तिक/

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको राजीनामा माग गर्दै पर्साका कानून व्यवसायीहरू पनि आन्दोलनमा उत्रिएका छन्।

न्यायालयभित्र शुद्धीकरण माग गर्दै उच्च अदालत बार एशोसिएशन वीरगंज र पर्सा जिल्ला अदालत बार एकाइ धर्नामा बसेको हो।

बिहान ११ देखि मध्याह्न १२ बजेसम्म केन्द्रीय बारको निर्देशन अनुसार कार्यक्रम भइरहेको पर्सा बार एकाइका अध्यक्ष ओमप्रकाश साहले बताए।

साहको नेतृत्वमा पर्सा जिल्ला अदालतअगाडि र जनकपुर उच्च अदालतको अस्थायी इजलास वीरगंजमा उच्च बारका अध्यक्ष प्रमोदप्रसाद साहको नेतृत्वमा धर्ना कार्यक्रम सम्पन्न भएको हो। धर्ना कार्यक्रम तीन दिनसम्म जारी रहनेछ।


तस्वीर: प्रतीक

# विश्व मधुमेह दिवसमा निश्शुल्क मधुमेह परीक्षण

प्रस, परवानीपुर, २८ कात्तिक/

विश्व मधुमेह दिवसको अवसरमा वीरगंजमा निश्शुल्क मधुमेह परीक्षण शिविर सम्पन्न भएको छ।

वीरगंज महानगरका ३२ वटा वडामध्ये १६ वटा वडामा निश्शुल्क परीक्षण शिविर सम्पन्न भएको वीरगंज महानगरका स्वास्थ्य महाशाखा प्रमुख अरुण महतोले बताए। महानगरको कार्यालय परिसर, वडा नं १७ देखि ३२ सम्म हरेक स्वास्थ्य चौकीमा बिहान १० देखि अपराह्न ४ बजेसम्म मधुमेह, रक्तचाप तथा पिसाबको निश्शुल्क परीक्षण गरिएको थियो। उनका अनुसार शुरूमा रक्तचाप परीक्षण गरिएको, त्यसपछि रगत परीक्षणबाट रगतमा मधुमेहको मात्रा पत्ता लगाइएको थियो। त्यसपछि रगतमा मधुमेह भेटिनेको पिसाब परीक्षणबाट मधुमेहको मात्रा पत्ता लगाइएको थियो।


तस्वीर: प्रतीक

वीरगंज महानगर परिसरमा १०७ जनाले रगत परीक्षण गराएका छन् भने बाँकी वडामा न्यूनतम सयजनाको परीक्षण गर्ने लक्ष्य दिइएकोमा हरेक वडामा ५० भन्दा बढी मानिसको परीक्षण भएको महाशाखा प्रमुख महतोले बताए। वडा नं २५ श्रीसियामा रहेको श्रीसिया स्वास्थ्य चौकीका इन्चार्ज शत्रुघ्न यादवले आइतवार ६१ जनाको स्वास्थ्य परीक्षण भएको बताए।

परीक्षणको क्रममा ६१ जनामध्ये २/२ जना पुरुष/महिला गरी चारजना नयाँ मधुमेह रोगी र दुईजना महिला तथा सातजना पुरूष गरी नौजना पुरानो मधुमेह रोगी पत्ता लागेको स्वास्थ्य चौकीका अहेब ताराचन्द्रप्रसाद यादवले जानकारी गराए। वीरगंज महानगरको वडामा रहेका स्वास्थ्य चौकीमा मधुमेह रोगबारे जनचेतना जगाउन र स्थानीयस्तरको सेवा उपभोग गर्न यो कार्यक्रम आयोजना गरिएको हो।




# पेट्रोलियम पदार्थको मूल्यवृद्धि विरुद्ध प्रदर्शन

प्रस, वीरगंज, २८ कात्तिक/

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि फिर्ता गर्नुपर्ने माग गर्दै वीरगंजमा प्रदर्शन भएको छ।

नेकपा एमाले निकट विद्यार्थी सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले खाद्य पदार्थ तथा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोधमा प्रदर्शन गरेको हो।

अनेरास्ववियु पर्साका संयोजक रेयाज अन्सारीको नेतृत्वमा वीरगंजको घण्टाघरबाट शुरू भएको विरोध प्रदर्शन माईस्थान, आदर्शनगर, घडीअर्वा हुँदै पुनः घण्टाघरमा आएर कोणसभामा परिणत भएको थियो।

अनेरास्ववियुका नेताहरूले मूल्यवृद्धिविरुद्ध प्रदर्शन गर्दै 'नाफाघाटा जान्दैनौं, मूल्यवृद्धि मान्दैनौं', 'जनतामारा सरकार मुर्दाबाद'लगायतका नारा लगाएका थिए।

# खेलकूदको संसार

## तेस्रो राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने

प्रस, निजगढ, २८ कात्तिक/

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' नाराका साथ निजगढमा तेस्रो राष्ट्रिय तेक्वान्दो च्याम्पियनशिप प्रतियोगिता २०७८ हुने भएको छ। सो प्रतियोगिताको आयोजक निजगढ तेक्वान्दो डोजाङ कार्यसमितिले आइतवार निजगढमा पत्रकार सम्मेलन गरी सो कुरा जानकारी गराएको हो।



तस्वीर: प्रतीक

अहिलेसम्मकै ठूलो धनराशिको पुरस्कार भएको यस प्रतियोगितामा प्रथम हुने डोजाङलाई नगद रु ८१ हजार, प्रमाणपत्र, मेडल प्रदान गरिने आयोजक समिति निजगढ तेक्वान्दो डोजाङका प्रमुख एवं प्रशिक्षक वसन्त लामाले पत्रकार सम्मेलनमा जानकारी दिए।

सात प्रदेशका गरी विभिन्न तौल समूहका १४० जना खेलाडीले यस प्रतियोगितामा सहभागिता जनाउने अपेक्षा आयोजकको छ। विभागीय टोलीसमेतको सहभागिता हुने बताइएको छ। प्रतियोगितामा दोस्रो हुने डोजाङलाई नगद रु ४१ हजार, प्रमाणपत्र, मेडल, तेस्रो हुने डोजाङलाई नगद रु २१ हजार, प्रमाणपत्र, मेडलसहित अन्य पुरस्कार दिइने जानकारी गराइयो।

सो प्रतियोगितामा उत्कृष्ट हुने महिला/पुरुष रेफ्रीलाई पनि पुरस्कारस्वरूप नगद दिइने जनाइएको छ।

विगतमा निजगढमा हुँदै आइरहेको यस किसिमका राष्ट्रिय प्रतियोगितालाई सफल बनाउन स्थानीय तह, समाजसेवी, बुद्धिजीवी, व्यापारी, उद्योगी, होटल व्यवसायी, निजगढ नगरवासी, सञ्चारकर्मीको सकारात्मक सहयोग, सल्लाह, सुझाव आइरहेको र यस प्रतियोगिताको लागि पनि अन्य सहयोग प्राप्त हुने अपेक्षा लिइएको नेपाल तेक्वान्दो सङ्घका केन्द्रीय सदस्य गुरु गौतमले बताए।

करीब रु १० लाखको लागतमा उक्त प्रतियोगिता सम्पन्न गर्ने लक्ष्यसहित मङ्सिर १० र ११ गते दुई दिन निजगढको तेक्वान्दो कभर्ड हलमा उक्त प्रतियोगिता सम्पन्न हुने जनाइएको छ। सो प्रतियोगिताको आयोजक निजगढ तेक्वान्दो डोजाङ कार्यसमितिका अध्यक्ष विकास लामाको अध्यक्षतामा पत्रकार सम्मलेन सम्पन्न भएको थियो।

## नेपाली महिला क्रिकेट टोली कतार प्रस्थान

काठमाडौं, २८ कात्तिकज्ञ/रासस

नेपाली राष्ट्रिय महिला क्रिकेट टोली आइसिसी महिला टी–२० विश्वकपको एशियाली छनोटको तयारीका लागि आइतवार कतार प्रस्थान गरेको छ।

नेपाली महिला टोलीले कतारसँग तीन खेलको टी–ट्वान्टी सिरिज खेल्नेछ। त्यसपछि आइसिसी महिला टी–२० विश्वकपको एशियाली छनोटका लागि नेपाली टोली कतारबाटै मङ्सिर ३ गते युएई प्रस्थान गर्नेछ।

छनोट खेल भने आगामी मङ्सिर ६ देखि १२ गतेसम्म युएईमा आयोजना हुनेछ। छनोटका लागि रूविना क्षेत्रीको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा यसअघि भइसकेको छ। नेपाली टोलीमा डली भट्ट, सीता रानामगर, करुणा भण्डारी, इन्दु बर्मा, सरिता मगर, ज्योति पाण्डेय, सरस्वती चौधरी, काजल श्रेष्ठ, सबनम राई, कविता कुँवर, अप्सरी बेगम, कविता जोशी र सङ्गीता राई छन्।

त्यस्तै, सरस्वती जिएम, रोमा थापा, अस्मिना कर्माचार्य र ममता चौधरीलाई वैकल्पिकमा राखिएको छ। उक्त प्रतियोगिताको तयारीस्वरूप नेपाली टोली यसअघि बङ्गलादेश गएको थियो। त्यहाँ नेपाली टोलीले बङ्गलादेशको स्थानीय टोलीसँग सिरिज पनि खेलेको थियो। महिला टी–२० विश्वकपको एशियाली छनोटमा नेपालले घरेलु टोली युएइसँगै भुटान, हङकङ, कुवेत र मलेसियासँग पनि खेल्नेछ।

**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागिता**

जनगणनामा गणकलाई टिपाइएका विवरण गोप्य हुन्छन् त ?
ढुक्क हुनुहोस्।

- जनगणनामा तपाईंहरूले दिएका व्यक्तिगत विवरण गोप्य रहन्छन्।
- सरकारले उठाउने कर वा कानूनी कुरामा प्रयोग हुँदैन।
- यदि कसैले गोपनीयता भङ्ग गरेको पाइएमा तथ्याङ्क ऐन, २०१५ बमोजिम कारबाई हुन्छ।
- त्यसैले गणकलाई सही विवरण टिपाऔं।

**नागरिक कर्तव्य र दायित्व पूरा गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड